मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

श्रीअन्तु प्रकाशन (प्रा.)लि.

Purwanchal National Daily

◆ वर्ष : २९ ◆ अङ्क : १७५ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०८१ वैशाख ३० गते आइतवार (Sunday, 12 May . 2024) नेपाल सम्वत् ११४४ Web : www .purwanchaldaily .com ◆ मूल्य रु. : ५/- भारतमा भारू. : ४/-

## ३१३ किलो गाँजासहित एक जना पक्राउ

**सुनसरी, बैशाख २९।** धरान-८ स्थित बुढासुव्वा वर्कसपबाट अवैध लागूऔषध गाँजा ३ सय १३ किलोसहित सोही वर्कसपमा काम गर्ने धरान-१५ बस्ने २८ वर्षीय आशिष कार्कीलाई प्रहरीले पक्राउ गरेको छ ।

विशेष सूचनाको आधारमा कोशी प्रदेश प्रहरी कार्यालय विराटनगर र इलाका प्रहरी कार्यालय धरानबाट खटिएको संयुक्त टोलीले वर्कसपको कम्पाउण्डभित्र शंकास्पद अवस्थामा रहेको बा.१० च ६८३८ नम्बरको स्कार्पियो गाडीलाई जाँच गर्दा उक्त परिमाणको गाँजा फेला पारी कार्कीलाई पक्राउ गरेको हो ।

## विकासमा फड्को मार्दै बिर्तामोड

**सुरेन्द्र भण्डारी**

**बिर्तामोड, वैशाख २९।** बिर्तामोड नगरपालिकालाई विकास र समृद्धिको यात्रामा डोऱ्याउने दीर्घकालीन सोचका साथ अघि बढेको नगरले आर्थिक वर्ष २०७९/०८०भित्र १० दशमलव ८४ किलोमिटर सडक कालोपत्रे, ३४ दशमलव ८८ किलोमिटर सडक ग्राभेल र ४ दशमलव ४४ किलोमिटर सडकमा पेवर्स तथा ब्लक प्रयोग गरेर सडकको स्तरोन्नति गरेको छ ।

नगरपालिकाले सडकको गुरु योजना तयार गरी वर्गीकरणका आधारमा आर्थिक वर्ष २०८०/०८१मा समेत सडकको स्तरोन्नतिलाई अघि बढाएको हो । उज्यालो नगरपालिका घोषणा गर्ने लक्ष्य लिएको बिर्तामोड नगरपालिकाले सडकको स्तरोन्नतिसँगै नगरका विभिन्न ३७ स्थानमा बक्स कल्भर्ट, २९ वटा विपन्न आवास, एउटा प्रशासनिक भवन, एउटा अस्पताल, २१ स्थानमा सडक बत्ती, बिद्युत् पोल विस्तार, नाला तथा ड्रेन निर्माण सम्पन्न गरेको बिर्तामोड नगरपालिका प्रमुख पवित्रा महतरा प्रसाईले जानकारी दिइन् । त्यस्तै १०४ दशमलव ३० किलोमिटर क्षेत्रमा टतबन्धन गरिएको छ भने एउटा झोलुङ्गे पुल, ५६ वटा भवनको मर्मत, सात वटा सामुदायिक विद्यालयलाई भवन निर्माण, आठ स्थानमा सडक वत्ती जडान र खानेपानीका लागि ३८० मिटरमा पाइपलाइन विस्तार गरिएको छ ।

आगामी पाँच वर्षभित्र प्रदेश र संघीय सरकारसंग समन्वय गर्दै बिर्तामोडमा रिङ रोड निर्माण, डिजिटल सेवा प्रवाहका लागि प्रविधियुक्त प्रशासनिक भवन, डोमालाल राजवंशी रंगशालाको स्तरोन्नति, देवी हाटमा बहुतले पार्किङ सहितको व्यवसायिक भवन, बुट्टावारी प्याकुरेल चोक जोड्ने सडकको स्तरोन्नति, बिर्तामोड नगर अस्पतालको स्तरोन्नति गर्ने काम समेत भइरहेको नगरप्रमुख प्रसाईको भनाइ छ ।

बिर्तामोड नगरपालिकाको 'नगर गौरव'को आयोजनाका रूपमा रहेको बुट्टावारी-प्याकुरेल चोक सडकखण्डको



स्तरोन्नतिका लागि काम भइरहेको छ । ६ दशमलव २ किलोमिटर लम्बाई रहेको सडक विश्व बैंकको लगानीमा स्तरोन्नतिको काम शुरु भएको हो । सो सडक निर्माणका लागि विश्व वैंकले ५१ करोड २९ लाख ६१ हजार ३७२ रुपैयाँ लगानी गरेको छ । सडक दुई वर्षभित्र सम्पन्न गर्ने सम्झौता भएको बिर्तामोड नगरपालिकाले जनाएको छ ।

१२ मिटर चौडाइ रहेको सो सडकलाई सात मिटरमा 'ब्ल्याक टप' गरिने बताइएको छ । सडकको दायाँ-बाँया ड्रेन निर्माण गरिने छ भने सडकको दुवैतर्फ सडक बत्ती, गार्डेन, फुटपाथ रहने छ । सडक निर्माणका लागि आरपी-स्याप-समता जेभीले ठेक्का पाएको हो भने परामर्शदाताका रूपमा डिभी-मल्टी-शिल्ट-उदय-गंगा-रिदाग-आरसी जेभी रहेका छन् ।

सडकले बिर्तामोड ६, ७ र ८ नम्बर वडा जोड्दै सदरमुकाम चन्द्रगढी जाने मूल सडकमा जोड्ने नगरपालिकाका इञ्जिनियर नरेन्द्र श्रेष्ठले बताए ।

योसंगै बिर्तामोड नगरपालिकामा ६९ वटा नगरस्तरीय बिकास निर्माणका योजनाको काम भइरहेको बिर्तामोड नगरपालिका योजना अधिकृत जय तिम्सिनाले बताए । उनका अनुसार नगरस्तरीय योजनामा सडक निर्माण र सडकको स्तरोन्नति प्राथमिकतामा परेको छ । त्यस्तै नगरस्तरीय वहुबर्षीय २१ वटा योजनाको काम भइरहेको छ । नगरस्तरीय वहुवर्षीय योजनामा मदरसा पाठशालाको शैक्षिक सुधारदेखि सामुदायिक वनमा व्यायामशाला निर्माणसम्म रहेका छन् ।

त्यस्तै नगरमा सञ्चालित बहुवर्षीय तथा क्रमागत

(बाँकी अन्तिम पृष्ठमा)

## अव्यवस्थित तार र बिजुलीका पोल हटाइँदै



**दमक, बैशाख २९।** दमक नगरभित्रका अव्यवस्थित तार र बिजुलीको पोल हटाउने काम शुरु भएको छ ।

नेपाल विद्युत् प्राधिकरणले बिजुलीका पोलमा अव्यवस्थित रूपमा टाँगिएका इन्टरनेट, टेलिफोन र केवल टेलिभिजनको तार हटाउन थालेको प्राधिकरण दमक वितरण केन्द्रका प्रमुख परितोषकुमार चौधरीले बताए । उनका अनुसार प्राधिकरणले आफ्नो स्वामित्वका विद्युतीय पोलमा टाँगिएका केवल टेलिभिजन, इन्टरनेट, टेलिफोनका तार तथा उपकरण व्यवस्थित गर्न यो काम थालेको हो । प्राधिकरणले चार सय भोल्ट लाइनको नाङ्गो तार र अन्य सेवा प्रदायकले टाँग्ने तारबीच ८० सेन्टिमिटरको दूरी हुनुपर्ने जनाएको छ । यस्तो तार र पैदलमार्गबीच दुई दशमलव चार मिटरको दूरी (उचाइ) हुनुपर्ने प्राधिकरणको मापदण्ड छ ।

त्यसैगरी, चार सय भोल्टको 'इन्सुलेटेड' तार र अन्य तारबीच ३० सेमीको दूरी र यस्तो पोलमा पैदलमार्गसँग तारको दूरी पाँच दशमलव पाँच मिटर कायम गर्नुपर्ने प्राधिकरणले जनाएको छ । उनले तार हटाउने कार्यसँगै सडक मापदण्डअनुसार दुई सय ९० वटा पोल समेत हटाइने जानकारी दिए । अहिले ठूला पोल गाड्ने काम भएकाले सोही पोलमा अन्य कम्पनीका तारहरु सार्न लगाइएको उनले बताए । आगलागीलगायत विद्युतीय दुर्घटना न्यूनीकरण गरी भरपर्दो विद्युत् सेवा उपलब्ध गराउन र शहरी सुन्दरता कायम राख्न यो काम थालिएको उनको भनाइ छ ।

केवल, इन्टरनेट, टीभीलगायत तारहरु नयाँ पोलमा सार्न नगरपालिकामार्फत व्यवसायीलाई अनुरोध गरिएको छ । उनले भने- तोकिएको समयमा व्यवस्थापन नगर्ने/नगराउने सेवा प्रदायकहरूको केबललगायत उपकरण नेपाल विद्युत् प्राधिकरण ऐन ०४१ बमोजिम प्राधिकरण आफैँले हटाउने र यसबाट हुनसक्ने नोक्सानी सम्बन्धित सेवा प्रदायक स्वयम् जिम्मेवारी हुनुपर्ने यसअघि पटक-पटक सूचना जारी गरिएकाले अहिले सोही अनुसार काम भइरहेको छ ।

एघार केभी र ३३ केभी लाइनमा विद्युत्को तार र अन्य तारबीचको दूरी दुई मिटर, चार सय भोल्टका उपकरण र तारबीचको दूरी ७५ सेमी हुनुपर्ने प्राधिकरणको नियमावलीमा उल्लेख छ । प्राधिकरणले राउटर, रिपिटर, एक्ट्याक्टर, अप्टिकल फाइबर वितरण बक्स, जोइन्ट क्लोजरजस्ता उपकरण पोलको एकातर्फ क्रम मिलाएर नहल्लिने, नझर्ने गरी क्लीप ब्यान्डको प्रयोग गरी राख्न निर्देशन दिएको छ ।

दमक नगरपालिकाको पहलमा विद्युत् प्राधिकरणले बजारभित्रको विद्युत् आपूर्ति व्यवस्था गर्न सडकको दुवै किनारमा विद्युत् पोलसहितको तार जडान गर्ने काम भइरहेको दमक नगरप्रमुख रामकुमार थापाले बताए । विद्युतीय पोल प्रयोग गरी जथाभावी झुण्ड्याइएका उपकरणले शहरलाई कुरुप बनाएको उनको भनाइ छ । आगलागी लगायत विद्युतीय दुर्घटना बढ्दै गएको

(बाँकी अन्तिम पृष्ठमा)

## चाँदीसहित एक भारतीय महिला पक्राउ

**झापा, बैशाख २९।** भद्रपुरस्थित चन्द्रगढी विमानस्थलबाट २ किलो ५ ग्राम चाँदीसहित एक भारतीय महिला पक्राउ परेकी छिन् ।

पक्राउ पर्नेमा भारत उत्तराखण्ड देराजुङकी ३० वर्षीया तेन्जिङ छिरिङ रहेको जिल्ला प्रहरी कार्यालय झापाका डीएसपी कृष्णकुमार चन्दले जानकारी दिए । प्रहरीका अनुसार शुक्रबारसाँझ ६ बजेको समयमा बुद्ध एयरको विमानबाट काठमाडौँ जान लागेकी छिरिङको झोला प्रहरीले चेकजाँच गर्दा लुकाइछिपाइ राखेको २ किलो ५ ग्राम चाँदीको दुई थान डल्लो र २८ हजार ५ सय भारतीय रुपैयाँ बरामद गरेको थियो । अवैध चाँदीसहित पक्राउ परेकी महिलालाई प्रहरी कार्यालय झापामा राखेर थप अनुसन्धान गरिरहेको डीएसपी चन्दले बताए ।

## ६० लाख मानिसका लागि खाद्यान्न आवश्यक: राष्ट्रसंघ

**काठमाडौं, बैशाख २९।** छिमेकी सुडानबाट पाँच लाख शरणार्थीको आतिथ्यता गरेको चाडलाई आफ्ना एक करोड ८० लाख जनसंख्यामध्ये एक तिहाइका लागि खाद्य सुरक्षा तथा पोषण सहायता आवश्यक रहेको संयुक्त राष्ट्रसंघीय मानवतावादीहरूले बताएका छन्

मानवीय मामिला समन्वयका लागि संयुक्त राष्ट्रसंघीय कार्यालय ( ओसिएच) ले जलवायु परिवर्तन, असुरक्षा र खाद्यान्न तथा इन्धनको मूल्यवृद्धिबाट देशभरको अवस्था बिग्रिएको जनाएको छ । मार्चदेखि चाडले दक्षिणमा मुसलधारे वर्षा र बाढीको सामना गरिरहेको छ । शरणार्थीहरूले देशको पूर्वमा मानवीय अवस्थालाई उल्लेखनीय रूपमा असन्तुलित बनाएका छन् भने चाडमा गैर-राज्य सशस्त्र समूहको आक्रमणले थप विस्थापन निम्त्याइरहेको छ ।

राष्ट्रसंघको प्रतिवेदन अनुसार २४ लाख मानिस खाद्य असुरक्षामा छन् । तीमध्ये तीन लाख मानिस गम्भीर खाद्य असुरक्षामा छन् । प्रभावकारीरूपमा कुनै ठोस सहायता प्रदान गर्न नसकिए यो संख्या असहज मौसममा ३३ लाख हुन सक्छ ।

## श्रीमतीको अश्लील भिडियो फेसबुकमा हालेपछि...

**काठमाडौँ, बैशाख २९।** श्रीमतीको चरित्रहत्या गरेको आरोपमा प्रहरीको साइबर ब्युरोले श्रीमानलाई पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा मकवानपुरको बकैया गाउँपालिका-७ घर भएर काठमाडौँको जडीबुटी बस्ने २४ वर्षीय फुर्साङ रुम्बा छन् । उनीबिरुद्ध विद्युतीय कारोबार ऐन अन्तर्गतको कसुरमा ५ दिनको म्याद लिएर अनुसन्धान भइरहेको साइबर ब्युरोका एसपी दीपकराज अवस्थीले जानकारी दिए ।

वैदेशिक रोजगारीमा हुँदा ह्वाट्स एपमा आदान प्रदान गरेको गोप्य अंग देखिने फोटो र भिडियो फुर्साङले दुरुपयोग गरेर फेक अकाउन्ट बनाएर अपलोड गरेको अनुसन्धानबाट थाहा भएको छ । पीडितकी दिदीले दिएको जाहेरीको आधारमा अनुसन्धान गर्दा फुर्साङले नै चरित्रहत्या गरेको प्रहरी अनुसन्धानको निष्कर्ष छ ।

## दुर्घटना न्यूनीकरण: 'ट्राफिक प्रहरीको पाँच मिनेट' अभियान

**झापा, वैशाख २९।** सवारी दुर्घटना न्यूनीकरणका लागि झापामा प्रहरीले 'दुईपाङ्गे सवारी चालकसँग ट्राफिक प्रहरीको पाँच मिनेट' अभियान सञ्चालन गरेको छ ।

जिल्ला ट्राफिक प्रहरी कार्यालयका प्रमुख नवराज न्यौपानेले दुर्घटनामा ज्यान गुमाउनेमा सबैभन्दा बढी मोटरसाइकलका यात्रु हुने गरेकाले दुईपाङ्गेका चालकलाई लक्षित गरी अभियान शुरु गरिएको बताए । यही वैशाख १२ गते शिवसताक्षीको झिलझिलेबाट कनकाई नदीमा नुहाउन एकाबिहानै गएका तीन युवाको मोटरसाइकल दुर्घटनामा परी मृत्यु भएको थियो । युवाहरु सवार मोटरसाइकल विपरीत दिशाबाट आइरहेको बोलेरो जिपसँग ठोक्किएको थियो ।

उक्त दुर्घटनामा परी कमल-४का २५ वर्षीय मौसम राई, २० वर्षीय युनिस भण्डारी र १७ वर्षीय सरोज रेग्मीको मृत्यु भएको थियो ।

चालू आर्थिक वर्ष २०८०/०८१ को नौ महिनामा झापामा सवारी दुर्घटनामा ५३ जनाको मृत्यु भएको थियो । त्यसमध्ये मोटरसाइकल दुर्घटना भएका कारण मृत्यु हुने ३९ जना रहेको न्यौपानेले जानकारी दिए । उक्त अवधिमा चार सय ६३ सवारी दुर्घटना भएकामा मोटरसाइकलको संख्या दुई सय ८८ रहेको थियो ।

मोटरसाइकल दुर्घटनाको अवस्था भयावह बन्दै गएको छ- उनले भने- सवारी चालकलाई सजग गराउँदा दुर्घटना न्यूनीकरण हुन्छ भन्ने सोचेर ट्राफिक


(बाँकी अन्तिम पृष्ठमा)

## कोलोन क्यान्सर: कम उमेरका बिरामी किन बढ्दै ?

**झापा, बैशाख २९।** विगतका वर्षहरूको तुलनामा कोलोरेक्टल वा कोलोन (ठूलो आन्द्राको) क्यान्सरका घटनाहरू बढ्दै गएका छन् । कतिपय विज्ञहरूले यसलाई 'खतरनाक' र 'चिन्ताजनक' भनेका छन् भने अन्य कतिपयले यसबारे विश्वव्यापी चेतावनी जारी गरिनुपर्ने धारणा राखेका छन् ।

यो ट्यूमरले कोलोन र मलद्वारलाई असर गर्छ अनि यसले बिरामीको स्वास्थ्य र जीवनको गुणस्तरलाई प्रभावित तुल्याउँछ । हालैका वर्षहरूमा यो क्यान्सरबारे नयाँ प्रवृत्तिहरू देखापरेका छन् । कतिपय देशमा बढी उमेरका मानिसहरूमा कोलोन क्यान्सरका घटनाहरू लगभग स्थिर देखिएका छन् भने ५० वर्षभन्दा कम उमेरका बिरामीहरूको सङ्ख्या बढ्दै पनि गएको छ ।

केही स्वास्थ्य विज्ञहरूसँग यसबारे कुराकानी गरेको थियो । पाउलो हफ एक जना क्यान्सर चिकित्सक हुन् र उनी ब्रजिलको ओङ्कोलजी केअर नेटवर्कका प्रमुख हुन् । उनी भन्छन्- यदि तपाईँले आजको तथ्याङ्कलाई ३० वर्षको अघिको वृद्धिदरसँग तुलना गर्नुभयो भने आम रूपमा कम उमेरका बिरामीहरूमा कोलोरेक्टल क्यान्सर ७० प्रतिशतसम्म बढेको कतिपय अध्ययनले



देखाउँछन् । कैयौँ देशहरूले यो नयाँ प्रमाणका आधारमा आफ्ना सार्वजनिक स्वास्थ्यसम्बन्धी नीतिहरूमा फेरबदल गरेका छन् । संयुक्त राज्य अमेरिकाले कोलोरेक्टल ट्यूमरका लागि गरिने प्रारम्भिक परीक्षणको न्यूनतम् उमेरलाई ५० वर्षबाट घटाएर ४५ बनाएको छ ।

**तथ्याङ्कले के देखाउँछ ?**

प्यान-अमेरिकी स्वास्थ्य सङ्गठन (पीएएचओ)का अनुसार कोलोरेक्टल क्यान्सर संसारभरका पुरुषमा सबैभन्दा धेरै देखिने क्यान्सरका प्रकारहरूमध्ये तेस्रो क्रममा आउँछ भने महिलाका हकमा दोस्रो ।

पीएएचओको प्रतिवेदन अनुसार संयुक्त राज्य अमेरिकामा आम रूपमा बढी देखा पर्ने चौथो क्यान्सरका रूपमा यसलाई लिने गरिन्छ । प्रत्येक वर्ष त्यहाँ कोलोन क्यान्सरका २ लाख ४६ हजार नयाँ बिरामी देखा पर्छन् भने करिब १ लाख १२ हजार मानिसको यसकै कारण मृत्यु हुने गर्छ ।

अध्ययनहरूले हालैका दशकहरूमा कोलोरेक्टल क्यान्सरका घटनाहरू ल्याटिन अमेरिका र क्यारिबीअनमा बढेको देखाउँछन् । औसत आयु, जीवनशैलीमा देखिएको फेरबदल र पोषणलाई त्यसको प्रमुख कारण मान्ने गरिन्छ । संयुक्त राष्ट्रसंघको ग्लोबल क्यान्सर अब्जर्भेटरीका अनुसार नौ वटा ल्याटिन अमेरिकी देशहरूमा सन् १९९० यता यो क्यान्सरका घटना र यसले निम्त्याउने मृत्युहरूमा वृद्धि भएको पाइएको छ ।

यी देशमा आर्जेन्टिना, ब्रजिल, चिली, कोलम्बिया, कोस्टारिका, क्यूबा, एक्वडोर र मेक्सिको छन् । पीएएचओका क्यान्सर रोकथाम र नियन्त्रणसम्बन्धी सल्लाहकार डाक्टर माउरिसिओ माज्जा भन्छन्- हामी सङ्क्रामक रोगको युगबाट दीर्घरोगको युगमा प्रवेश गरेका छौँ र यसको मुख्य कारण मानिसहरूको जीवनशैली हो ।

विज्ञहरूका अनुसार मोटोपन, धुमपान, मदिरा सेवन र खानपिनमा परिवर्तनले यस प्रकारको क्यान्सरका घटना वृद्धिमा योगदान पुऱ्याइरहेका छन् ।

अघिल्लो वर्ष 'आर्जेन्टाइन कङ्ग्रेस अफ ग्यास्ट्रोएन्टर्लजी एन्ड डाइजेस्टिभ एन्डस्कोपी'मा प्रस्तुत गरिएको तथ्याङ्कमा कोलन क्यान्सरका कारण आर्जेन्टिनामा ज्यान गुमाउने २० देखि ५४ वर्षको उमेर समूहका मानिसहरूको संख्या बढिरहेको पाइएको थियो । सन् १९९७ देखि २०२० सम्म उक्त संख्या करिब २५ प्रतिशतले बढेको थियो ।

यसैबीच अमेरिकन क्यान्सर सोसाइटीले सन् २०२३ को प्रारम्भमा प्रकाशित गरेको एउटा प्रतिवेदनले सन् २०१९ मा पहिचान गरिएका कोलोरेक्टल ट्यूमरका २० प्रतिशत नयाँ बिरामी ५५ वर्ष भन्दा कम उमेरका भएको देखाएको थियो ।

उक्त आँकडा सन् १९९५ को तुलनामा दोब्बर हो । अनुसन्धानकर्ताहरूले ५० वर्षभन्दा कम उमेरका बिरामीहरूको संख्या प्रतिवर्ष तीन प्रतिशतले वृद्धि भइरहेको ठानेका छन् । सन् २०२२मा 'नेइचर रिभ्यूज

(बाँकी अन्तिम पृष्ठमा)

## दुई खेलाडी एन्फा एकेडेमीमा छनौट

**दमक, बैशाख २९।** झापाको शिवसताक्षी नगरपालिकाका दुई खेलाडी अखिल नेपाल फुटबल संघ ( एन्फा)ले आयोजना गर्ने यु-१३ फुटबलका लागि छनोट भएका छन् । छनौट हुनेमा शिवसताक्षी-७ का आयुश भट्टराई र शिवसताक्षी-१०का रुप्लीहाङ लिङ्देन रहेका छन् ।

शिवसताक्षी नगर खेलकुद विकास समितिका अध्यक्ष सुरज रिगालुङ्गका अनुसार शिवसताक्षी नगरबाट पाँच खेलाडी जिल्ला, प्रदेश हुँदै छनौट भएका हुन् । उनीहरुलाई एन्फा एकेडेमीमा फुटबल प्रशिक्षणसहित पढ्ने व्यवस्था गरिएको छ । एन्फाले ग्रामीण र स्थानीय स्तरबाट खेलाडी पहिचान गरी राष्ट्रियस्तरको खेलाडी उत्पादन गर्ने उद्देश्यका साथ छनौट प्रतियोगितामार्फत खेलाडी छान्दै आएको छ । छनौट प्रतियोगितामा शिवसताक्षीका ६२ युवा खेलाडी सहभागी थिए । १२ खेलाडी जिल्लाका लागि छनोट भएकामा पछि जिल्लाबाट प्रदेशमा ६ जना छनौट भएका थिए । अन्तिममा दुई खेलाडी छनौट हुन सफल भएका छन्- शिवसताक्षी नगर खेलकुद विकास समितिका अध्यक्ष रिगालुङ्गले भने ।

राष्ट्रिय फुटबल टोलीबाट खेलेका अनन्त तामाङ, सन्दीप राई, सन्तोष नेपाली, ईश्वर कार्कीलगायतले खेलिसकेका छन् । उनीहरु शिवसताक्षीका बासिन्दा हुन् ।

## ट्रान्सजेन्डर सौन्दर्य प्रतियोगिता हुने




**काठमाडौँ, वैशाख २९।** यौनिक तथा अल्पसंख्यक (ट्रान्सजेन्डर) महिलाहरूको बौद्धिक तथा सौन्दर्य प्रतियोगिता हुने भएको छ ।

निलहिरा समाजले शनिवार आयोजना गरेको पत्रकार सम्मेलनमा यौनिक तथा अल्पसंख्यक महिलाहरूको क्षमता अभिवृद्धिका लागि आगामी जेठ ३ गते प्रतियोगिता गर्न लागिएको समाजका सदस्य सिम्रन शेरचनले जानकारी दिइन् । यौनिक तथा अल्पसंख्यक समुदायको घृणाविरुद्धको दिवस पारेर समाजले प्रतियोगिता गर्न लागेको हो । विश्व स्वास्थ्य सङ्गठनले ११९०मे १७ तारिखमा यौनिक तथा अल्पसङ्ख्यक मानसिक रोग होइन भनेर घोषणा गरेको अवसरमा दिवस मनाउँदै आएका छन् । यसबर्ष 'कोही पनि पछाडि नपारिऊनः सबैको समानता र सामाजिक न्याय कायम होस्' भन्ने नाराका साथ दिवस मनाइँदैछ ।

राष्ट्रिय नाचघरमा प्रतियोगिता हुनेछ ।१९ जना सहभागी हुने प्रतियोगितामा प्रथम हुनेलाई रु. एक लाख, दोस्रोलाई रु. ७५ हजार र तेस्रोलाई नगद राशिसहित प्रमाणपत्र दिइने छ । शेरचनका अनुसार प्रतियोगितामा प्रथम हुनेलाई थाइल्याण्डको बैककमा हुने ट्रान्सजेन्डर सौन्दर्य प्रतियोगितामा सहभागी गराइनेछ । आयोजक संस्थाले प्रतियोगितामा सहभागी हुनेलाई क्षमता अभिवृद्धि र व्यक्तित्व विकासका लागि १५ दिनसम्म तालिम दिएको थियो ।

## 'मनसरा'ले एक हप्तामा कमायो ३ करोड २० लाख




उपेन्द्र सुब्बाको दोस्रो निर्देशकीय फिल्म 'मनसरा'ले बक्स अफिसमा अपेक्षाकृत व्यापार गर्न सकेको छैन । रिलिजपूर्व १० करोडको आँकडा नघाउने प्रक्ष्येपण गरिएको फिल्मको व्यापार कछुवाको गतिमा छ । यद्यपि, पहिलो हप्ता फिल्मले सुखद् अंक जोडेको छ । एक हप्तामा फिल्मले ३ करोड २० लाख कमाएको निर्माण टिमको दाबी छ । 'वर्ड अफ माउथ' अब्बल प्राप्त भएकाले व्यापार बढ्ने विश्वास अझै निर्मातामा देखिएको छ ।

दोस्रो साता प्रवेशको पूर्वसन्ध्यामा बिहीबार फिल्मको विशेष शो आयोजना गरिएको थियो । राप्रपा अध्यक्ष तथा पूर्व उपप्रधानमन्त्री राजेन्द्र लिङ्देन, गायक तथा अभिनेता प्रकाश सपूत, पूर्वमिस नेपाल उषा खड्गी, अभिनेत्रीद्वय रेजिना उप्रेती र लुनिभा तुलाधरसहित नेपाल प्रहरीका उच्चपदस्थ कर्मचारी र फुटबल खेलाडी लगायतले फिल्म हेरेका थिए ।

राप्रपा अध्यक्ष लिङ्देनले फिल्म हेर्नलायक बनेको प्रतिक्रिया दिँदै नेपालको जातीय र सांस्कृतिक विविधता जोड्ने कोशिस फिल्मले गरेको बताए । 'समाजको एउटा तहको राम्रोसँग प्रतिनिधित्व गरेको छ । भविष्यमा समाजमा कुन प्रकारका जातीय, सांस्कृतिक अनि हाम्रो प्रचलनहरु थिए भन्ने कुरा फिल्मले बुझाउन मदत गरेको छ'- उनले भने ।

गायक सपूतले भने 'मनसरा' हेर्दा राम्रो किताब पढेको जस्तो महशुस भएको अनुभव सुनाए । 'फिल्म एकदमै राम्रो लाग्यो । एकदमै सरल छ । एउटा राम्रो किताब पढेको जस्तो महशस भयो'- उनले भने । यस्ता फिल्मले जीवनसँग नजिक जोड्नका लागि मद्दत गर्ने उनको धारणा थियो । उनी भन्छन्- 'प्रेम, जीवन र संघर्षका आयामहरु देखाउन यस्ता फिल्मले मद्दत गर्छ ।'

रेजिना उप्रेती पनि फिल्मको प्रशंसा गरेर थाकिनन् । उनी प्रवीण खतिवडाको फ्यान नै भइछिन् । 'फिल्म एकदमै राम्रो छ । समाजकै कथालाई उठाइएको छ । एउटा विषयमा साह्रै राम्रोसँग कथा भनिएको छ'- उनले भनिन्- 'सबैभन्दा बढी मन परेको चाहिँ प्रवीण खतिवडाको अभिनय हो । म त उहाँको फ्यान भएँ ।' पूर्वमिस नेपाल खड्गीले पनि फिल्म राम्रो लागेको प्रतिक्रिया दिइन् । उनले फिल्मलाई 'अनपेक्षित' भनेकी छन् ।

फिल्ममा दयाहाङ, मिरुना मगर, प्रविण खतिवडा, मेनुका प्रधान, हेमन्त बुढाथोकी, शान्ति गिरी, नेनहान राई लगायतको अभिनय छ । निर्देशक सुब्बाकै लेखन रहेको फिल्मका निर्माता तथा छायाँकार शैलेन्द्रध्वज कार्की हुन् । काँठ क्षेत्रमा बस्ने गरिखाने वर्गको संघर्ष र फरक जातीय पृष्ठभूमिका दुई छिमेकीबीचको सम्बन्धको आयामलाई मियो बनाएर फिल्मले कथावाचन गरेको छ ।

## महाजात्रा'ले ९ वटा हलमा मनायो ५१ दिन




डिजिटल युगको प्रारम्भसँगै नेपाली फिल्मका लागि दुर्लभ बनेको प्रदर्शनको ५१औं दिने यात्रा फिल्म 'महाजात्रा'ले सहजै पूरा गरेको छ । गत वर्षको चैत ९ गतेबाट प्रदर्शनमा आएको फिल्मले शनिबार काठमाडौं र मोफसल गरी ९ वटा हलमा ५१औं दिन मनाएको हो । गतवर्षको सर्वाधिक सफल फिल्म 'जारी'पछि धेरै हलमा ५१औं दिन मनाउने फिल्मको रेकर्ड समेत 'महाजात्रा'ले राखेको छ ।

फिल्मले काठमाडौं अन्तर्गत क्यूएफएक्स, बिग मुभिज, एफक्युब सिनेमाज्, आइएनआइ, वान सिनेमाज्, बीएसआर मुभिज्, रञ्जना सिनेप्लेक्स, सिके सिनेमाज् र मोफसलतर्फ नेपालगञ्जस्थित सिने रोयलमा ५१औं दिन मनाएको हो । शनिबार दिउँसो सुन्धारास्थित क्यूएफएक्स हलमा फिल्मको सेलिब्रेसन कार्यक्रम राखिएको छ । यो अवधिमा फिल्मले नेपालमा १६ करोड ग्रस कमाई गरेको छ ।

यसअघि 'जात्रा'का अघिल्ला दुई श्रृंखलाले पनि ५१औं दिने रेकर्ड राखेका थिए । योसँगै विगत एक दशकमा नेपालमा सबैभन्दा बढी ५१औं दिन मनाउने फिल्म दिने निर्देशकको रेकर्ड प्रदीप भट्टराईको नाममा बनेको छ । 'जात्रा'का तीन श्रृंखलासँगै उनी निर्देशित 'शत्रु गते' र 'महापुरुष'ले पनि ५१औं दिने रेकर्ड बनाएका थिए । यो निर्देशक भट्टराईप्रति दर्शकको विश्वास बोल्ने ठूलो प्रमाण हो ।

कमजोर समीक्षा पाएको 'महाजात्रा'ले दर्शकलाई भने रिझाउन सफल भयो । फिल्मले प्रदर्शनको तीन हप्ता सानदार व्यापार गरेको थियो । 'जारी'को रेकर्ड तोडिन सक्ने प्रक्षेपण समेत नभएको होइन । तर, अब यो असम्भव छ । 'जात्रा' समूहको नयाँ फिल्म भने अब आगामी वर्षको दशैंमा आउनेछ । त्यो 'जात्रा'कै नयाँ श्रृंखला हुनेछ या नयाँ फिल्म, त्यसबारेमा कुनै जानकारी गराइएको छैन ।

प्रदीप भट्टराईकै लेखन रहेको 'महाजात्रा'मा हरिवंश आचार्य, विपीन कार्की, रवीन्द्रसिंह बानियाँ, रवीन्द्र झा, वर्षा राउत, राजाराम पौडेल, प्रकाश घिमिरे, शिशिर वाङ्देल, दिव्य देव, गौमाया गुरुङ, सुमन कार्की लगायतको अभिनय छ । प्रायः दर्शकले फिल्मको मध्यान्तरअघिको कमेडी पाटोलाई रुचाएका छन् । दोस्रो हाफमा राजनीतिलाई जोड दिइँदा फिल्म मूल कथाबाट भड्किएको छ ।

## अर्जुनधारामा लागूऔषधबिरुद्ध सचेतना

**अर्जुनधारा, वैशाख २९।** 'लागू औषध परित्याग गरौं, स्वस्थ जीवन रोजौं' भन्ने मुख्य नारासहित झापाको अर्जुनधारा-४ र ७ स्थित नव युवा क्लबको आयोजनामा लागूऔषधबिरुद्ध एक दिने सचेतनामूलक कार्यक्रम शनिबार सम्पन्न भएको छ ।

अर्जुनधारा-७ नं. वडा कार्यालयको आर्थिक सहयोग र मेचीनगर-६स्थित सामुदायिक विकास मञ्चको सहजीकरणमा सञ्चालन भएको उक्त कार्यक्रमको प्रमुख अतिथि वडाध्यक्ष गोविन्द खतिवडाले उद्घाटन गरेका थिए ।

सहजकर्ताद्वय मञ्चका अध्यक्ष सोमराज ढकाल र नाईट चेस क्लबका कार्यक्रम अधिकृत गोविन्द न्यौपानेले सहजीकरण गरेको कार्यक्रममा ५५ जनाको सहभागिता रहेको थियो ।

सोही कार्यक्रममा शनिश्चरे प्रहरी चौकीका प्रमुख प्रहरी नायव निरीक्षक नरबहादुर खड्काले लागूऔषध दुर्व्यसनबिरुद्धको सचेतनामूलक अभियान र ऐनमा भएको व्यवस्था र अस्थायी ट्राफिक प्रहरी बिट शनिश्चरेका प्रमुख प्रहरी सहायक निरीक्षक लक्ष्मीप्रसाद ओझाले ट्राफिक नियम तथा सडक प्रयोग गर्दा ध्यान दिनुपर्ने कुराहरु लगायतका विषयमा सहभागीहरुलाई जानकारी गराएका थिए ।

क्लबका अध्यक्ष देवेन्द्र मैनालीको अध्यक्षतामा आयोजित उक्त कार्यक्रमको सञ्चालन सहजकर्ता ढकालले गरेका थिए ।

### अव्यवस्थित ...

र विद्युतीय सेवा अवरोध हुने भएकाले अव्यस्थित तार र पोल हटाउन थालिएको हो- उनले भने- अहिले दमक नगरका चोकबजारका तारहरु हटाउने कार्य शुरु भएको छ, अब नगरभरि यो अभियान चलाइन्छ । दमकमा विभिन्न नाममा सञ्चालित ३२ वटा कम्पनीले तार जडानको काम गर्दै आएका छन् ।

### कोलोन ...

क्लिनिकल ओङ्कोलजी'मा प्रकाशित एउटा अध्ययनमा ४४ वटा देशको तथ्याङ्क लिइएको थियो । सो अध्ययनले अमेरिकामा वयस्कहरूमा सन् १९९० यता कोलोरेक्टल क्यान्सरको दर औसतमा दुई प्रतिशतले बढेको सङ्केत दिएको थियो । तर, अहिले अमेरिका, अस्ट्रेलिया, क्यानडा, फ्रान्स, जापान र यूकेमा यो दर तीन प्रतिशत पुगेको छ । कोरिया र एक्वडोरमा झन्डै ५ प्रतिशत रहेको छ ।

**दर बढ्नुको कारण के हो ?**

स्यामुएल अगुइरे जूनिअर सा पाउलोस्थित कोलोरेक्टल ट्यूमर रेफ्रन्स सेन्टरका प्रमुख हुन् । उनका लागि यो आँकडा विश्वव्यापी खतराको सूचक हो । उनले '३५ वा ४० वर्षका मानिस' ट्यूमर जाँच गराउन आउनु अचेल सामान्य दृश्य भएको बताए ।

उक्त सेन्टरले मानिसहरूलाई क्यान्सरका सम्भावित लक्षणहरूप्रति चनाखो हुन सुझाव दिएको छ । उमेर जति भए पनि समस्या महसुस गर्ने जोकोहीले तत्कालै चिकित्सकसँग सम्पर्क गर्नुपर्ने उने बताए । यदि तपाईंको दिशामा रगत देखिए वा पाचन प्रणालीमा केही परिवर्तन देखिए वा पेट दुखेको खण्डमा तत्कालै चिकित्सकबाट जाँच गराउनुपर्छ ।

उनले तपाईं कम उमेरकै भए पनि यी लक्षणहरूमा ध्यान दिनुपर्ने बताए । विज्ञहरूले कलोरेक्टल ट्यूमरहरू कम उमेरका मानिसहरूमा बढिरहनुका कारणबारे विभिन्न अनुमानहरू गरे पनि ती कुनै पुष्टि भएका छैनन् । तर, चिकित्सकहरू हालैका दशकहरूमा ग्रामीण परिवेश हराउँदै गएको र त्यसले नाटकीय शैलीमा जीवनशैलीलाई बदलेको ठान्छन् ।

मानिसहरूले प्रशोधित खानेकुराको सेवन बढाएका छन् भने प्राकृतिक खानेकुरा खाने प्रवृत्ति घटेको छ । मानिसहरू हिँड्नुको सट्टा लामो समय बस्न थालेका छन् । त्यसबाहेक जथाभावी एन्टिबाइओटिकको प्रयोग पनि बढेको छ ।

**क्यान्सरको पहिचान**

यस प्रकारको ट्यूमरको पहिचानका लागि चिकित्सकहरूले 'दिसामा रगत देखा परे या नपरेको परीक्षण गराउने' र कोलोनस्कपी गर्नुपर्ने सुझाव दिएका छन् ।

दिसामा रातो तरल पदार्थ देखिनु क्यान्सरको प्रत्यक्ष लक्षण होइन, त्यो अल्सर पनि हुन सक्छ र त्यसका लागि थप जाँच गरिनुपर्छ । कोलोनोस्कपी गर्दा मलद्वारबाट एउटा क्यामेरालाई भित्र प्रवेश गराइन्छ । चिकित्सकहरूलाई त्यसले कोलोनभित्र हेर्ने मौका दिन्छ र आन्द्राहरूमा कुनै समस्या रहेको या नरहेको पनि उनीहरूले हेर्न सक्छन् ।

स्रोतहरूका अभावले प्रत्येक बिरामीमा यस्तो जाँच गर्न नसकिने र कोलोरेक्टल क्यान्सर पत्ता लगाउन कोलोनस्कपी गर्न सबैका लागि सम्भव नहुने ब्रजिलस्थित ओङ्कोलजिस्ट एलेक्सेन्डर ज्याकोमले बताए। उनले प्रत्येक वर्ष दिसा जाँच गराउँदा प्रारम्भिक लक्षणहरू देखा पर्न सक्ने बताउँदै २० प्रतिशत मानिसहरूले मात्रै नियमित रूपमा त्यस्तो जाँच गर्ने गरेको जनाए । त्यस्तो जाँचमा दिसामा रगत देखिए थप उपचार र परीक्षण सुझाउने गरिएको भए पनि चिकित्सकहरूका अनुसार दिसामा रगत देखिनु मात्रै क्यान्सरको लक्षण होइन । पाँच प्रतिशत क्यान्सरमा मात्रै त्यसरी रगत देखिने विज्ञहरू बताउँछन् । तर त्यस्तो परीक्षण थोरै लागतमा प्रभावकारी नतिजा हासिल गर्न सकिने विधि भएको बताइन्छ ।

**आशाको किरण**

कम उमेरका मानिसहरूमा कोलोन क्यान्सर बढ्दै गएको चिन्तामाझ कोलोरेक्टल क्यान्सरको उपचारबाट कस्तो सुधार ल्याउन सकिन्छ भन्ने विधिमा सुधार हुँदै गएको छ । शल्य उपचारमा देखिएको अत्याधुनिकीकरणका कारण अहिले यो क्यान्सरको प्रारम्भिक चरणमा उपचार नै सम्भव छ । वीवीसी

### दुर्घटना ...

प्रहरीसँग पाँच मिनेट अभियान चलाएका हौं । अभियानलाई पूर्वपश्चिम राजमार्गमा केन्द्रित गरिएको छ । अभियानअन्तर्गत ट्राफिक प्रहरीको टोलीले गुडिरहेका मोटरसाइकललाई किनारामा रोकेर चालकलाई पाँच मिनेट सवारी नियम र सुरक्षा सम्बन्धी प्रशिक्षण दिने गरेको छ ।

साँघुरो सडक, अत्यधिक सवारी चाप र तीव्र गति नै मोटरसाइकल दुर्घटनाको मुख्य कारण देखिएको छ । कान छोपिने हेल्मेट लगाउन, मदिरा सेवन गरेर सवारी नचलाउन र तीव्र रफ्तारमा नकुदाउन जिल्लाका ट्राफिक प्रहरी प्रमुख न्यौपानेले आग्रह गरेका छन् ।

अभियानमा खटिएका प्रहरीले मोटरसाइकलका चालकलाई दुर्घटना हुनै नदिने उपायका लागि आवश्यक सतर्कताका बारेमा संक्षिप्त प्रशिक्षण दिने गरेका छन् । मोटरसाइकल दुर्घटनामा परी ज्यान गुमाउनेमा २५ वर्षमुनिका युवाको संख्या उल्लेख्य रहेको प्रहरीको भनाइ छ ।

### विकासमा ...

योजनाको संख्या ४० रहेको छ । जसमा संघीय तथा विशेष अनुदानका समेत रहेका छन् । त्यस्तै बिर्तामोडका १० वटै वडामा वडागत योजना अन्तर्गत विकास निर्माणसहितका काम भइरहेको नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत राधाकृष्ण खतिवडाले बताए । वडागत योजनामा सामाजिक विकास, भौतिक विकास, पूर्वाधार विकास, प्रवर्द्धनात्मक कार्यक्रमलाई प्राथमिकतामा राखिएको बताइएको छ ।

बिर्तामोड नगरपालिकामा सञ्चालित योजनामध्ये संघीय सशर्त तथा विशेष अनुदानको तर्फबाट निर्माण भइरहेका योजनामा बोलवम मन्डी-दुर्गा कम्प्लेक्स-न्यूटन्स स्कूल रिङरोड निर्माणका लागि २ करोड, ८९ लाख, ३ हजार ८ सय १६ रुपैयाँ, १५ शैयय्‌ाको बिर्तामोड नगर अस्पताल निर्माणका लागि १४ करोड ६१ लाख, १८ हजार ७ सय ४० रुपैयाँ रहेको छ ।

त्यस्तै बिर्तामोड नगरपालिकाको प्रशासनिक भवन निर्माणका लागि ४ करोड ८८ लाख ४७ हजार, १ सय ३१ रुपैयाँ, बिर्ताबजारमा कृषि बजार तथा सामुदायिक भवन निर्माणका लागि २ करोड,९६ लाख ४ सय ३९ रुपैयाँ, बुट्टावारी-प्याकुरेल चोक सडक स्तरोन्नतिका लागि ५१ करोड २९ लाख ६१ हजार ३७२ रुपैयाँ संघीय सरकारको सशर्त तथा विशेष अनुदान रहेको नगरप्रमुख प्रसाईले बताइन् ।

आर्थिक वर्ष २०८०/ ०८१का लागि बिर्तामोड नगरपालिकाले एक अर्ब ४० करोड ९५ लाख ५० हजार रुपैयाँको बजेट ल्याएको थियो । बजेटमध्ये संघीय समानीकरण अनुदान २० करोड, ३६ लाख, संघीय सरकार राजश्व बाँडफाँड १३ करोड १६ लाख ९२ हजार रहेको छ ।

त्यस्तै प्रदेश सरकार समानीकरण अनुदान एक करोड ३४ लाख ४ हजार प्रदेश सरकार राजश्व बाँडफाँड १ करोड १९ लाख ७५ हजार, नगरको आन्तरिक आय ३२ करोड, संघीय सशर्त अनुदान चालूतर्फ २९ करोड ६ लाख, पुँजीगततर्फ ३६ करोड ७६ लाख, संघीय विशेष अनुदान २ करोड र समपूरक अनुदान ६५ लाख, प्रदेश सरकारबाट सशर्त अनुदान ६२ लाख २५ हजार, समपूरक अनुदान १ करोड २९ लाख ५१ हजार रहेको छ ।


## AFFIDAVIT

I, Sandip kumar Agrawal, slo Rajkumar Agrawal, resident of Bhadrapur, Ward No.06, District Jhapa. My daughter's correct & Original date of birth is 04-04-2007, but by mistake in the school certificate it has been printed as 07-04-2007. My daughter's name is **Riya Agrawal**. I rectified her date of birth as **04-04-2007** for all purpose vide affidavit through Notary Public on 09 may 2024.

## बिमालेख हरायो

धुलाबारीबाट बिर्तामोड आउने क्रममा यही मिति २०८०/०१/२० गते मेरो निम्न व्यहोराको एल आई सी कम्पनी लिमिटेडको पोलेसी हराएको हुँदा भेट्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु ।

**नाम**:- पहले दमाई
**ठेगाना**:- मेनपा-०९, झापा
**पोलेसी नं.**:- ६४४४४८६४८
**कम्पनी नाम**: एलआईसी कम्पनी लिमिटेड
**सम्पर्क**: ९८१७०९८४९९

## मातृभाग्यरेखा वचत तथा ऋण सहकारी संस्था लि.
विर्तामोड-१ झापाको

## हर्जाना छुट सम्बन्धी सूचना

यस संस्थावार कजोको कारोबार गर्नुहुने सबै सदस्यज्यूहरुले २०८१ साल वैशाख मसान्तसम्मको संस्थालाई बुझाउन बाँकी रहेको व्याज बुझाएमा हर्जाना वापत लाग्ने सबै रकम छुट गरिने भएकोले यथाशीघ्र संस्थामा सम्पर्क गरी यो सुविधा उपभोग गर्नुहुन सूचना प्रकाशित गरिएको छ ।

**ऋण उपसमिति**
**मातृभाग्यरेखा साकोस, विर्तामोड-१ झापा, ०२३-५९००४०, ०२३-२३८६२६**

## देवी माध्यमिक विद्यालय
बिर्तामोड-५, झापाको

## दरभाउ कोटेशन सम्बन्धी सूचना

*दोस्रोपटक प्रकाशित मिति : २०८१/०१/३०*

यस विद्यालयको विद्यालय व्यवस्थापन समितिको मिति २०८०/११/३०को निर्णय अनुसार मिति २०८१/०१/०९ गते प्रथम पटक प्रकाशित सूचना अनुसार कुनै पनि निवेदन नआएको हुँदा व्यवस्थापन विषय समूह अन्तर्गत होटल म्यानेजमेन्ट विषय पठनपाठन गर्ने प्रयोजनका लागि प्रयोगशाला निर्माण तथा व्यवस्थापनका लागि आवश्यक सामग्रीहरु उपलब्ध गराउने प्रतिबद्धताका साथ सामग्री आपूर्तिकर्ताको सूचीमा सूचीकृत हुन पाउँ भनी निवेदन पेश गरेका देहायका फर्म/कम्पनीहरुले विद्यालयमा सम्पर्क गरी अवलोकन पश्चात प्रयोगशालाको आकार बमोजिमको सामग्री निर्माण, आपूर्ति तथा व्यवस्थापन गर्न विद्यालयले उपलब्ध गराएको फारममा उल्लेख भएको सामग्रीहरुको विवरणको दरभाउ मूल्य उल्लेख गरी विद्यालयको लेखा शाखामा रु. १,०००।- (अक्षरेपी एक हजार मात्र) जम्मा गरेको रसिद, दरभाउ पत्रका साथ खामबन्दी गरी मिति २०८१/०२/०६ गते दिउँसो ४:०० बजेभित्र दरभाउ कोटेशन पेश गर्नुहुन पुनः दोस्रोपटक यो सूचना प्रकाशित गरिएको छ ।

**सूचीकृत हुन आएका फर्म/कम्पनीहरु**

| क्र.सं. | नाम | ठेगाना |
|---|---|---|
| १. | किचनमार्ट नेपाल प्रा.लि. | सीतापाइला, काठमाडौं |
| २. | सुरज स्टिल इन्डस्ट्रिज प्रा.लि. | इटहरी-५, सुनसरी |
| ३. | शुभश्री भाँडा पसल | धरान-१५, सुनसरी |
| ४. | माँ पाथीभरा सुरज स्टिल इन्डस्ट्रिज प्रा.लि. | |

नोटः रित नपुगी आएका निवेदनहरु प्रति कुनै कारवाही हुने छैन ।

**अम्बिका श्रेष्ठ : प्रधानाध्यापक**

## बुद्धशान्ति उद्योग वाणिज्य संघ
कार्यसमितिको निर्वाचन २०८१

## निर्वाचन कार्यक्रमको सूचना

बुद्धशान्ति उद्योग वाणिज्य संघको विधान २०७७ को दफा १३ उपदफा १ संशोधित विधान बमोजिम आगामी ३ (तीन) वर्ष कार्य अवधिका लागि मिति २०८१ साल जेष्ठ १३ गते सम्पन्न हुने कार्यसमितिका अध्यक्ष-१, उपाध्यक्ष-२ (उद्योग १- वाणिज्य १), महासचिव-१, सचिव-२ (उद्योग १ वाणिज्य १), कोषाध्यक्ष-१, महिला सदस्य-२, खुल्ला सदस्य- ४ (जम्मा १३) पदका लागि हुने निर्वाचन देहाय बमोजिम निर्धारित गरिएको सम्पूर्ण सदस्यहरुलाई जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

| क्र.सं. | कार्यक्रमहरु | मिति | समय |
|---|---|---|---|
| १. | निर्वाचन कार्यक्रम प्रकाशन | २०८१/०१/३० | १२:०० बजे |
| २. | मतदाता नामावली प्रकाशन | २०८१/०१/३० | १२:३० बजे |
| ३. | मतदाता नामावली सामाविष्ठ नाम उपर दाबी विरोध | २०८१/०१/३१ | १०:०० देखि २:०० बजेसम्म |
| ४. | उजुरी उपर छानविन पश्चात अनितम नामावली प्रकाशन | २०८१/०१/३१ | ३:३० पछि |
| ५. | उम्मेदवारको मनोनयन पत्र दर्ता | २०८१/०२/०२ | १०:०० देखि ३:०० बजेसम्म |
| ६. | उम्मेदवारको नामावली प्रकाशन | २०८१/०२/०२ | ४:०० बजे |
| ७. | उम्मेदवारी मनोनयन दर्तापत्र माथि दाबी विरोध | २०८१/०२/०३ | १०:०० देखि ३:०० बजेसम्म |
| ८. | दाबीविरोध उपर जाचबुझ पछि उम्मेदवारको संशोधित नामावली प्रकाशन | २०८१/०२/०३ | ४:०० बजे |
| ९. | उम्मेवारले नाम फिर्ता लिने | २०८१/०२/०६ | १० बजेदेखि ३:०० बजेसम्म |
| १०. | उम्मेदवारको अन्तिम नामावली प्रकाशन | २०८१/०२/०६ | ४:०० बजे |
| ११. | मतदान | २०८१/०२/१३ | ८:०० देखि |
| १२. | मतगणना | २०८१/०२/१३ | ४:०० बजेसम्म |
| १३. | मतपरिणाम घोषणा | मतगणना पछि | मतदान समयपछि |
| १४. | मतदान केन्द्र | संघको कार्यालय | |

नोटः १) संघको विधान २०७७ को परिच्छेद ७ को दफा २४ को उपदफा ६ अनुसार निर्वाचनमा उम्मेदवार वा मतदाता हुन स्थायी लेखा नम्बर अनिवार्य हुनुपर्नेछ ।

**डिल्लीराम तिम्सिना : निर्वाचन संयोजक**

## अर्जुनधारा जेसीजद्वारा निःशुल्क बेसिक कम्प्युटर कोर्ष तथा अंग्रेजी भाषा तालिम छनौट नामावली प्रकाशन सम्बन्धी सूचना

**प्रकाशित मिति २०८१/०१/२९ गते**

अर्जुनधारा जेसीजले मिति २०८१ वैशाख २३ गते प्रकाशित विद्यार्थीहरुका लागि निःशुल्क Basic Computer Course र निःशुल्क General English Language Class मा पर्न आएका निवेदनहरु मध्येबाट छनौट समितिबाट छनौट भएका नामावली निम्नानुसार रहेको व्यहोरा अनुरोध छ । साथै सोको औपचारिक उद्घाटन कार्यक्रम निम्नानुसार हुने भएको हुँदा छनौट भएका विद्यार्थीहरुलाई उपस्थितिका लागि अनुरोध छ ।

**निम्न**

मिति : २०८१ वैशाख ३१ गते सोमबार समय : विहान ११:०० बजे स्थान : लंका रिसोट, शनिश्चरे ।

**Basic Computer Course का लागि नामावली**

| क्र.स. | नाम/थर | ठेगाना | क्र.स. | नाम/ थर | ठेगाना |
|---|---|---|---|---|---|
| १ | सुजता दाहाल | अर्जुनधारा-२ | १६ | रिया रसाइली | अर्जुनधारा-५ |
| २ | ईश्वरा समाल मगर | अर्जुनधारा-२ | १७ | अप्सरा चौहान | अर्जुनधारा-५ |
| ३ | जनार्दन सुवेदी | अर्जुनधारा-२ | १८ | अनिसा भारती | अर्जुनधारा-५ |
| ४ | स्वस्तिका राई | अर्जुनधारा-३ | १९ | अनिता अधिकारी | अर्जुनधारा-५ |
| ५ | यमुना अधिकारी | अर्जुनधारा-२ | २० | सुसन भुजेल | अर्जुनधारा-५ |
| ६ | मनिषा विष्ट | अर्जुनधारा-३ | २१ | दिपा खतिवडा | अर्जुनधारा-५ |
| ७ | रेनु लिम्बू जवेगू | अर्जुनधारा-३ | २२ | सन्जु विंसखे | अर्जुनधारा-५ |
| ८ | रुविना खतिवडा | अर्जुनधारा-३ | २३ | यमुना कटुवाल | अर्जुनधारा-५ |
| ९ | सुविना न्यौपाने | अर्जुनधारा-३ | २४ | सुस्मिता गिरी | अर्जुनधारा-५ |
| १० | रोशिका गिरी | अर्जुनधारा-३ | २५ | अस्मिता चौधरी | अर्जुनधारा-५ |
| ११ | उज्ज्वल रिमाल | अर्जुनधारा-४ | २६ | एन्जिल राजउपाध्याय | अर्जुनधारा-६ |
| १२ | सन्देश चौधरी | अर्जुनधारा-४ | २७ | आयुष भुजेल | अर्जुनधारा-७ |
| १३ | युवराज पराजुली | अर्जुनधारा-५ | २८ | अन्जु सापकोटा | अर्जुनधारा-७ |
| १४ | भूमिका सापकोटा | अर्जुनधारा-५ | २९ | सम्राट लिम्बु | अर्जुनधारा-७ |
| १५ | नव पराजुली | अर्जुनधारा-५ | ३० | नैना चौधरी | अर्जुनधारा-८ |

**General English Language Class का लागि नामावली**

| क्र.स. | नाम/ थर | ठेगाना |
|---|---|---|
| १ | सुस्मिता चौधरी | अर्जुनधारा-७ |
| २ | दिपा डाँगी | अर्जुनधारा-८ |
| ३ | राधिका राजवशी | अर्जुनधारा-८ |
| ४ | रुविना घिमिरे | अर्जुनधारा-८ |
| ५ | गागा कोइराला | अर्जुनधारा-९ |
| ६ | तृष्णा सुवेदी | अर्जुनधारा |

**जेसी मनोज सिटौलाः महासचिव (बर्ष २०२४)**
**अर्जुनधारा जेसीज**

**जेसी बसन्त बुढाथोकीः अध्यक्ष (बर्ष २०२४)**
**अर्जुनधारा जेसीज**


श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरूप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी
■ बिर्तामोड प्रतिनिधि: गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail .com

पूर्वाञ्चल

## सम्पादकीय

### दलहरु सच्चिनुपर्छ

'नेपालको कानून दैवले जानून्' यो प्रचलित उखान हो । यो उखान त्यत्तिकै बनिएको होइन रहेछ भन्ने देशको वर्तमान परिस्थितिले पनि पुष्टि गरेको छ । एउटै संविधानको उही धारा, उपधाराहरु ब्याख्या विश्लेषण गर्ने फरक हुनासाथ फरक–फरक हुँदारहेछन् । जसका कारण एउटै प्रकृतिका विवादहरुमा फरक–फरक निष्कर्ष आउने गरेको छ । त्यसमाथि पनि राजनीतिक विवाद र मुद्दाहरुको सन्दर्भमा दलदेखि, संविधानको व्याख्या गर्ने जिम्मेवार व्यक्ति र संस्थाहरुको धारणा, व्यवहार र निर्णय समान नआउँदा उल्लेखित उखान पुनर्पुष्टि भइरहेको छ ।

भनिन्छ राजनीतिमा स्थायी शत्रु र स्थायी मित्रु अर्थात मित्र हुँदैनन् । त्यो त विगतका घटनाक्रमहरुले देखाएकै छ । अझ त्यसमा सत्ताको सवाल जोडियो भने त 'हुलमुलमा जिउ जोगाउनु स्वभाविक मानिंदोरहेछ । अर्थात् सबै राजनीतिक दलका लागि सत्ता सर्वाधिक प्रिय हुने इतिहासले पनि प्रमाणित गरेकै हो । कोतपर्व, भण्डारखाल पर्व इतिहासका त्यस्ता ठूला र महत्त्वपूर्ण षडयन्त्र हुन् जसले परम्परागत राज्यशक्तिलाई विस्थापन गर्दै नयाँ शक्तिको उदय गराएको थियो । सत्ताका लागि दरवार हत्याकाण्ड भएको तर्क गर्नेहरु पनि छन् भने त्यसकै लागि दश वर्षे सशस्त्र द्वन्द्व भएको टिप्पणी गरिन्छ । विगत चार दशकदेखि नेपाली जनताले सत्ता केन्द्रित राजनीति देख्दै र भोग्दै आएका छन् ।

यतिबेला संघीय लोकतान्त्रिक गणतन्त्र अनुरुपको संविधान क्रियाशील छ । त्यसकै आधारमा दोस्रो निर्वाचन सम्पन्न भइसकेको पनि छ । तर, राजनीतिक स्थिरता कायम हुनुको साटो झनै अस्थिर, झनै कपटपूर्ण र सत्ता प्राप्तिको खेल हुर्किरहेको छ । यतिबेला उपप्रधानमन्त्री तथा गृहमन्त्री रवि लामिछानेबिरुद्ध प्रमुख प्रतिपक्ष नेपाली कांग्रेसले संसद अवरोध गरेको छ । बजेट अधिवेशन मार्फत सरकारको आगामी कार्ययोजना र नीति प्रस्तुत गर्नुपर्ने समय दलहरु त्यसमै बढी जिम्मेवार ढङ्गले लाग्नुपर्नेमा सत्ता राजनीतिको घनचक्करमा फस्दै गएका छन् । यता प्रदेशको राजनीतिमा पनि त्यस्तै सत्ता संघर्ष चलिरहेको छ । कोशी प्रदेशमा सरकार जहिल्यै अस्थिर छ भने गण्डकी, सुदूरपश्चिम पनि सत्ता केन्द्रित स्वार्थको दल–दलमा डुबेको छ । दलहरुको यस्तो व्यवहार र नीतिले आमजनताले शान्ति, विकास र समृद्धिको अनुभूति गर्न पाएका छैनन् । त्यस्तो अवस्थाले ठूला दलहरु प्रति जनआस्था, विश्वास र भरोसा टुट्न सक्छ, वितृष्णा बढ्न सक्छ, जो कसैका लागि सुखद् हुँदैन । त्यसैले उनीहरुले सच्चिन जरुरी छ ।

# के हाम्रो लोकतन्त्र अपहरणमा पर्न लाग्या हो ?



**कृष्ण हुमागाँई**

२१औं शातब्दीको आजको युगमा जनताले जनताका लागि जनताद्वारा गरिने शासन नै सबैभन्दा जनहितकारी लोकतन्त्र हो । जनताको इज्जत र सम्मान हुने, आवधिक निर्वाचन मार्फत जनताबाट निर्वाचित प्रतिनिधिले देश र जनतको हितका खातिर गरिने शासन प्रणालीभन्दा उत्कृष्ठ शासन प्रणाली कुनै राजा महाराजा, सामन्त अभिजात्य वर्गको हुकुमी शासन वा कुनै पनि प्रकारको तानाशाही र अधिनायकवादलाई राम्रो शासन भन्ने र मान्नेहरु सभ्यता र परिवर्तनका बिरोधी हुन् । लोकतन्त्रभन्दा उत्तम र उचित शासन प्रणाली दुनियाँमा विकसित भएको छैन । लोकतन्त्रको सर्वोच्चता भनेकै जनताको सर्वोच्चता हो । जनताभन्दा ठूलो र शक्तिशाली लोकतन्त्रमा कोही हुँदैन ।


लोकतन्त्रमा जनताले चुनेका प्रतिनिधि भनेका जनताका सेवक हुन्, ती शासक होइनन् । अरु कुनै पनि व्यवस्थामा कोही पनि शासक जनताको सेवक हुँदैनन् । उनीहरुले जनतालाई दमस नै ठान्दछन् । लोकतन्त्रमा पनि ठिमाहा र कालीपोके लाग्न थालेको छ । लोकतन्त्र धनीहरुसँग कमाई र सम्पत्तिका आधारमा प्रगतिसिल कर लागाएर त्यो पैसाले गरीबको कल्याण गरि सबैलाई सम्पन्न र धनी, सुखी र खुसी बनाउने व्यवस्था हो । तर, हामीकहाँ लोकतन्त्र अपहरणमा परेको छ । लोकतन्त्रमा शक्तिको स्रोत जनता हुन्छन् र विधिको शासनबाट चल्ने प्रणाली हो यो । शासन सत्ताको स्रोत बन्दुकको नालबाट प्राप्त हुन्छ भन्ने राजनीतिक दर्शनबाट निर्देशित र प्रशिक्षित भएकाहरु लोकतन्त्रमा शासक भएका छन् र लोकतन्त्र मन पराउने नेपाली जनताले कुनै एउटा वर्गको अधिनायकत्व शासन चलाउने सिद्धान्त बोकेकालाई पटक-पटक चुनाव जिताएका पनि छन् ।

बन्दुकको नलबाट मात्र शासनसत्ता प्राप्त गर्नसकिन्छ, अरु सबै भ्रम हो भनेर हतियार उठाउनेहरुलाई लोकतान्त्रिक नेपालमा जनताले चुनावबाटै निर्वाचित गराई दिएका छन् । एकदलीय अधिनायकवाद (साम्यवादी शासन) लागू गर्न चाहने र एक अभिजात्य सामन्ती शासकको वंश परम्परा अनुसार जन्मकै आधारमा श्रेष्ठ हुने र अरु साराले त्यो शासकको सन्तान जति नै अयोग्य र खराब भए पनि योग्य र असल मानिदिनुपर्ने, भनिदिनुपर्ने सोच र दास मानसिकता बोकेकाहरुलाई पनि लोकतान्त्रिक नेपालका लोकतन्त्रवादी नेपालीले चुनाव जिताइदिएका छन् । त्यसैले नेपाली जनता महान छन् । जसले यो व्यवस्था आउनै हुँदैन भन्यो त्यसलाई पनि जिताइदिए र जस्को यो लोकतान्त्रिक व्यवस्था कहिल्यै थिएन र वर्तमानमा होइन पनि (सम्झौताका कारण एक दलीय अधिनायकवादमा नपुगुञ्जेल उपयोग मात्र गरेका हुन्)लाई समेत चुनाव जिताइदिएका छन् । त्यसैले जनताले असली लोकतन्त्रवादीलाई ठम्याउन नसक्दा लोकतन्त्र अपहरणमा पर्न लागेको छ ।

**पैसाले किन्ने लोकतन्त्रले गरीबको हित गर्न सक्दैन**

लोकतन्त्र अपहरणमा पर्न लागेको सवालमा माथि चर्चा गरियो । गैर लोकतन्त्रवादीले लोकतन्त्र अपहरण गर्न लागेको सन्दर्भ एउटा छ भने लोकतन्त्रकै आवरणमा मुट्ठीभर धनी पूँजीपति वर्गले पैसाको बलमा यहाँको शासनसत्ता, कर्मचारी प्रशासन र लोकतन्त्र खरिद गरिरहेको छ । संसदयि निर्वाचनमा पैसाको बलमा पार्टीको टिकट हत्याउने प्रवृत्ति बढेर गएको छ । धनी पूँजीपतिलाई सम्पत्तिको सान र संसदीय मर्यादाको मान एकै पटक चाहिएको छ । लोकतन्त्रको आवरणमा देखा परेका लोकतन्त्रका यी धमिराहरु राज्यसत्ता, कर्मचारी प्रशासन र राजनीतिक नेतृत्वलाई आफ्नो व्यापार र ठेक्कापट्टाको जालोमा लपेटन लागेका छन् ।

लोकतन्त्रका लागि निमेसभर पनि योगदान नगरेका, कुनै सास्ती नभोगेकाहरु अहिले लोकतन्त्रका मसिहा बनेर उदाएका छन् । यहाँ सामन्तका सन्तानमात्र होइन, नव भुइँफुट्टा सामन्तवर्गले समेत राजनीतिमाथि कब्जा जमाउदै आएको स्थिति छ । पैसाको बलमा पार्टी किन्ने, कर्मचारी प्रशासन र संसदीय फाँटमा घुस,




कमिशन र दलालीबाट गरीबको ब्यवस्था खोस्ने कुकर्ममा व्यापारीहरु लागेका छन् । राजनीति सेवा हो, सेवा र ब्यापार एकै पटक हुँदैन । नाफा कमाउने पेशामा तल्लीन भएको मान्छेले हरेक कुरामा नाफा मात्र देख्छ । उसले नीति निर्माण तहमा पनि के-कसो गर्दा आफ्नो व्यापारलाई फाइदा गराउन सकिन्छ भनेर नीति प्रस्तुत गर्न खोज्दछ ।

स्वतन्त्रता र खुशियालीसहितको सुखी नेपाली बनाउने हो भने राजनीतिमा दुःख गरेका, बर्षौंदेखि खटेका, अनुभव र निष्ठाले खारिएका मानिसहरु नै स्थापित हुनुपर्दछ । गफाडी टपरटुइयाँले त गफ र टुक्काको भरमा चटकेले जस्तो मानिस भेलाजम्मा गरेर आफ्नो सामान बेचेर स्वार्थको कुम्लो कस्छ । नेपालको राजनीतिमा अहिले यही भइरहेको छ । ठगहरु, दलालहरु, घुसखार, कमिशनखोर, भ्रष्टाचारी गुण्डाहरुले राजनीतिमा कब्जा जमाउन थालेका छन् । धेरै धनसम्पति कमाउने इच्छा र उद्देश्य राख्नेले राजनीतिमा नआउनु उचित हुन्छ । तिनीहरुले उद्योग, व्यापार गर्नु, राज्यलाई कर तिर्नु देशको सेवा गर्नु, गरीब-दुःखीलाई सहयोग गर्नु । धनीहरुले राजनीतिमा आउने नै हो भने आफ्नो कुल सम्पत्तिको ७० प्रतिशत राज्यलाई हस्तान्तरण गरेर मात्र राजनीतिमा आउन पाउने नियम नै बनाइनु पर्दछ । यसले एकातिर देश र जनताकाप्रति उसमा उदारभाव देखिन्छ भने अर्कोतिर कमजोर आर्थिक अवस्था भएकाहरुले पनि संसदीय राजनीतिमा प्रतिष्पर्धा गर्न केही सजिलो हुन्छ । नत्र जिन्दगीभरी राजनीतिको झोला बोक्यो, एउटा धनीमानी मान्छे आउँछ र उसको लगानीमा राजगर्न थाल्छ । गरीबले राजनीतिमा कहिल्यै आफ्नो स्थान बनाउन सक्दैन ।

अनि राजनीतिले धनी, पूँजीपतिलाई भन्दा गरीबहरुको संरक्षण गर्नुपर्दछ । कस्तो नीति अवलम्वन गर्दा गरीबको जीवनस्तर उकास्न सकिन्छ र सबैलाई धनी बनाउन सकिन्छ भन्ने नीति बनाउने कुरा धनीलाई जिम्मा दिएर कसरी हुन्छ ? उसलाई गरिबी पीडा के थाहा हुन्छ र ? जसले अभाव र विपन्नताको पीडा भोगेको छ, त्यसले नीति बनाउँदा पो त्यो समूहको हितका खातिर बढी जोड दिन्छ त । प्रायजसो धनीले अरु धनी नहुन्, मै मात्र अझ प्रगति गरुँ भन्ने सोचाई राखेका हुन्छन् । त्यसैले यस्तो सोचाई राख्नेहरुलाई उद्योग र व्यापारमै रमाउन र सकेसम्म राज्यको नीति, परिधिमा बसेर कमाउन दिनुपर्छ । देश र जनताको सेवागर्ने पवित्र उद्देश्य राखेर राजनीतिमा आउने हो भने आफ्नो सम्पत्तिको ७० प्रतिशत हिस्सा राज्यलाई सुम्पेर उदारभावसहित आउनुपऱ्यो र व्यापार गर्नु भएन । होइन भने राजनीति व्यापार गर्नका लागि हुनुहुँदैन । व्यापारीको कब्जामा परेको र व्यापारीले किनेको कथित लोकतन्त्रले न गरीबको, न देशको हित गर्छ ? गर्छ त केबल सामन्त, दलाल, नव भुइँफुट्टा पूँजीपति वर्गको स्वर्थको सेवा मात्र ।

**लोकतन्त्र शक्तिशालीका लागि कि निर्धाका लागि ?**

राज्यसत्ताको स्वरुप स्वभावैले निरंकुश हुन्छ भनिन्छ । राज्यले नियम कानूनमा जनतालाई, नागरिकलाई राख्नुपर्ने र नियमको पालना कडाइका साथ गर्नु गराउनुपर्दा राज्य निरंकुश हुन्छ भन्ने मान्यता राखिन्छ । राज्यले नै नागरिकलाई दमन गरेर मानव अधिकारको उलंघन गरिरहेको हुन्छ भन्छन् मानव अधिकारवादीहरु । झट्ट हेर्दा निरंकुश, अधिनायकवादी, तानाशाही राज्य व्यवस्थामा यस्तै हुन्छ । तर, लोकतान्त्रिक राज्य व्यवस्थामा जनताले जनतामाथि आफैं दमन गर्दै भन्ने मान्यता राखिएको हुन्छ । यो लोकतान्त्रिक व्यवस्था पनि धनी पूँजीपति, उद्योगी, व्यापारीको कब्जामा गयो भने यसले पनि शक्तिशालीको मात्र भजन गउने र निर्धाको हुर्मत लिने खतरा रहने रहेछ ।

गरीब निमुखाले हाम्रो लोकतन्त्रमा मतदाताभन्दा माथि उठ्नै नसक्ने हो भने हिजोको निरंकुश शासन र अहिलेको लोकतन्त्रमा के फरक भयो र ? हिजोका दिनमा राणाकालमा रैती बनेकाहरु पञ्चायतमा भोट हाल्न पाउने प्रजा बने भने २०४७ पछि जनता बनेकाहरु अहिले वर्तमानमा नागरिक भएका छौं । तर, गरीब निमुखाको अधिकार कागजमा समान भएता पनि व्यवहारमा निर्धाले सास्ती खेप्नै परिरहेको छ । खासै फरक छैन । हिजोका रैती र आजका नागरिकमा विपन्नहरुको अवस्था उस्तै छ । हिजो पनि अरुले लाए अह्राएको गर्ने, आज पनि अरुलाई नै शासक बनाउने आफू पहुँचवालाबाट शासित भइरहने । शासन शैलीमा फरक आएता पनि नागरिकको जीवनमा अन्तर खासै भएन ।

हाम्रो लोकतन्त्रमा गरीबहरु नीति-निर्माण तहमा पुग्नै सक्दैनन् खर्चिलो चुनाव प्रणालीका कारण । तीन तहको सरकारको ब्यवस्था संविधानमा भए पनि पालिका तहमा वडा सदस्यमा निर्वाचित हुनेभन्दा माथि आर्थिक बिपन्नहरु जानै नसक्ने अवस्था देखिएको छ । एउटा वडाध्यक्षले चुनाव लड्न एकदेखि तीन करोड, पलिका प्रमुखमा एकदेखि १० करोड, प्रदेश सांसददेखि संघीय संसदको चुनाव लड्न दुइदेखि पचास करोडसम्म खर्च गर्नुपर्ने अवस्था आएपछि गरीबहरुले यो ब्यवस्थामा कसरी चुनावी प्रतिष्पर्धा गर्न सक्छन् त ? अरु शासन व्यवस्थामा शक्तिशाली, धनीमानी, पूँजीपतिहरु मात्र माथि पुगे, गरीबको दिन आएन, गरीब निर्धाको पनि न्याय र इज्जत हुने व्यवस्था भएन भनेर लोकतन्त्र ल्याएको, तर खोई त लोकतन्त्रले गरीबलाई शासनसत्तामा पुऱ्याएको ? जताबाट, जुनदलबाट, जसरी पनि पहुँचवाला, धनी पूँजीपतिहरु नै सत्ताको निर्णयक तहमा पुगीरहेका छन् । अनि गरीबका दिन कहिले आउँछन त ? जसको सबै सम्पत्ति जोडदा लाखमा सिमित हुन्छ, अझ कतिको त हजारमै सिमित पनि होला ? त्यस्तो अवस्थाको नागरिकले यो लोकतन्त्रमा कसरी चुना धान्न सक्छ ? अब यसतर्फ सोचेर निर्वाचन प्रणालीमा सुधार गर्नु आवश्यक भइसकेको छ ।

अब आरक्षण जात र धर्मका आधारमा होइन, आर्थिक विपन्नताका आधारमा गरिनुपर्दछ । देशको कुल जनसंख्याको कति प्रतिशत धनी र कति गरीब छन ? त्यसको आधारमा सबै तहमा विपन्नहरुका लागि आरक्षण सिट छुट्याइनु पर्दछ । त्यो निर्वाचन क्षेत्र र कोटामा विपन्नहरुका बीचमा मात्र प्रतिष्पर्धा हुनेछ भने त्यसको सम्पूर्ण चुनाव खर्च र प्रचार सामग्रीहरु मितब्ययी ढङ्गमा राज्यबाटै व्यवस्था गरिनु पर्दछ । अनिमात्र राजनीतिको मुलधारमा विपन्नहरुलाई अघि ल्याउन सकिन्छ । नत्र एउटा सामान्य किसान मजदुरका छोराछोरी सधैँ पहुँचवाला धनीमानीका स्थायी मतदाता भन्दा माथि उठ्नसक्ने अवस्था रहँदैन ।

लोकतन्त्र त गरीबका लागि पनि आएको होला नि ? सधैँ शक्तिशाली मात्र राज्यको उपल्लो निर्णायक स्थानमा पुऱ्याइरहने हो भने लोकतन्त्र फेरि पनि शक्तिशालीका लागि कि निर्धाका लागि पनि भन्ने प्रश्न उठिरहनेछ । लोकतन्त्र सबैका लागि हो भने अबिलम्ब निर्वाचन प्रणालीमा सुधार गरेर आर्थिक स्थितिका आधारमा समावेशी निर्वाचन प्रणालीमा जानु पर्दछ । दलित, महिला, अल्पसंख्यकहरुका लागि आरक्षण गरे जस्तै जनसंख्याको ठूलो हिस्सा ओगटेको आर्थिक विपन्नहरुका लागि पनि राजनीति र राज्यसत्तामा संरक्षण हुन जरुरी छ ।

## स्वास्थ्य चर्चा

# बारम्बार तिर्खा लाग्नु !

अहिले गर्मी मौसम शुरु भएको छ । गर्मीमा पसिना बग्ने हुँदा पनि धेरै पिउनुपर्ने चिकित्सकहरू बताउँछन् । तर, कतिपय अवस्थामा जति पानी खाए पनि तिर्खा मात्रै लाग्ने समस्या पनि हुन सक्छ । धेरै तिर्खा लाग्नुलाई विभिन्न रोगको लक्षणका रूपमा पनि लिइने चिकित्सकहरू बताउँछन् । शरीरको भित्री प्रणालीले तिर्खा अनुसार पानीको आवश्यकता पुऱ्याउँछ ।

यद्यपि धेरै पटक कोही मानिसहरू अत्यधिक तिर्खा महशुस गर्छन् वा उनीहरू अत्यधिक र धेरै पानी पिउन थाल्छन् । वास्तवमा, अधिक तिर्खा महशुस गर्ने अवस्था गम्भीर रोगको संकेत हुन सक्छ । चिकित्सा अनुसन्धानले भनेको छ कि स्वस्थ व्यक्तिको लागि प्रतिदिन औसत दुईदेखि तीन लिटर पानी पिउनु पर्याप्त हुन्छ । पानीको आवश्यकताको यो मात्रा केही सर्तहरूमा कम वा बढ्न सक्छ ।

जब हाम्रो शरीरले अधिक परिश्रम गर्दछ वा हामी एक उच्च स्थानमा हुन्छौं वा अत्यधिक तातो तापक्रम रहेको अवस्थामा हामी सामान्यभन्दा बढी पानीको आवश्यकता महशुस गर्दछौं । तर, कहिलेकाहीँ केही बिरामीहरूमा, मानिसहरूलाई तिर्खा लाग्छ वा फेरि उनीहरूले अधिक पानी पिउन थाल्छन् । यो बुझ्नु महत्त्वपूर्ण छ कि तपाईलाई किन तिर्खा लाग्छ र यो कुन रोगको संकेत हो-

**यी हुन् अत्यधिक तिर्खाका कारणहरू :**

चिकित्सकीय भाषामा अत्यधिक तिर्खाको अवस्थालाई 'पोलिडिप्सिया' भनिन्छ । यस अवस्थामा सम्बन्धित व्यक्तिले अधिक पानी पिउँछ, जुन अवस्थामा शरीरमा सोडियमको कमी हुन सक्छ । वाकवाक वा बान्ता जस्तो लक्षण पनि देखा पर्न सक्छ । यस बाहेक तपाईले धेरै पिसाब गर्ने समस्याको पनि सामना गर्नुपर्ने हुन सक्छ । तर, त्यहाँ केही रोगहरू छन् । जसमा पोलिडिप्सिया अर्थात् अत्यधिक तिर्खा प्रमुख लक्षण हो ।

**मधुमेह**

आजकल यो प्रत्येक उमेर समूहमा सामान्य प्रचलित रोग भएको छ । यो रोग कसैलाई खराब जीवनशैली वा आनुवंशिक कारणले हुन सक्छ । दोहोरिने तिर्खा यसको पहिचानको प्रमुख विशेषता हो । यस जीवनशैली सम्बन्धित रोगमा, रगतमा चिनीको मात्रा बढ्छ, जसले मिर्गौलाले सजिलैसँग फिल्टर गर्न सक्दैन । यो चिनी पिसाबको साथ बाहिर आउँछ, जसको कारणले शरीरमा पानीको अभाव हुन्छ । यो बारम्बार तिर्खाको कारण हो । यसका लागि जाँच गर्न आवश्यक छ । यी लक्षणहरू शरीरमा देखिएमा चाँडै तपाईले मधुमेह सम्बन्धी जाँच गर्नुहोस् ।

**डिहाइड्रेसन**

यसको सीधा अर्थ शरीरमा पानीको कमी हुनु हो । खाना विषाक्तता, पखाला, संक्रमण, ज्वरो वा जलेको मुख्य कारणहरू हुन् । बारम्बार तिर्खा, मुख सुख्खा, थकान, बान्ता, वाकवाकी र बेहोस हुनु यसका लक्षणहरू हुन् । डिहाइड्रेसनका बिरामीलाई ठिक पानी र आवश्यक इलेक्ट्रोलाइट्स दिएर निको हुन सक्छ । तर, कहिलेकाहीँ लापरबाहीमा यसले मृत्युलाई पनि निम्त्याउन सक्छ ।

**चिन्ता**

सामान्य अर्थमा, मुटुको धड्कन बढ्ने, बेचैनी र घबराहटको भावनालाई चिन्ता भनिन्छ । यस्तो अवस्थामा, मुख पनि सुखा हुन्छ, जसको कारणले व्यक्तिले अधिक पानी पिउँछ । यस्तो अवस्थामा, केही इन्जाइमहरू पनि मुखमा बनेको ऱ्यालको मात्रा कम गर्दछ, जसको कारण बढी तिर्खा लाग्न सक्छ । जब यी लक्षणहरू देखा पर्न थाल्छन्, तब बुझ्नुहोस् शरीरमा पानीको अभाव छ ।

**अपच :**


धेरै पटक चिल्लो वा मसलादार खाना खाएपछि शरीरले सजिलै पचाउन सक्दैन । शरीरलाई प्रशस्त खाना पचाउन अझ बढी पानी चाहिन्छ । यसले शरीरमा पानीको अभाव गराउँछ र अत्यधिक तिर्खाको कारण हुन सक्छ ।

**अत्यधिक पसिना**

अत्यधिक पसिना विशेष गरी तातो मौसममा देखा पर्दछ । तापक्रमलाई सन्तुलनमा राख्न हाम्रो शरीरले धेरै पानीको माग गर्दछ । यसका कारण पनि हामीलाई अधिक तिर्खा महशुस हुन्छ ।

**समाधान के हो ?**

अत्यधिक तिर्खाको नोक्सानबाट बच्न हामीले सर्वप्रथम तिर्खालाई सन्तुलनमा राख्नुपर्दछ । एकै पटकमा धेरै पानी पिउनु हुँदैन । घरेलु उपचार पनि प्रभावकारी हुन सक्छ। उदाहरणका लागि, अमलाको धुलो र महको मिश्रण गरी खाने वा सौंफ खाँदा पनि कृत्रिम तिर्खा कम गर्न सकिन्छ । एक चम्चा कालो मरिचको धुलो चार कप पानीमा उमालेर पिउँदा पनि तत्कालको तिर्खालाई मेटाउन सकिन्छ । यसले तपाईंलाई राहत दिनेछ । तिर्खाको अधिक समस्या भएमा चिकित्सकसँग सम्पर्क गरी सल्लाह लिनु पर्छ ।



# किशोरीलाई आत्मरक्षा तालिम



**कमल, बैशाख २९।** कमल गाउँपालिकामा किशोरीहरुका लागि आत्मरक्षा तालिम सञ्चालन भइरहेको छ ।

गाउँपालिकाको सात वटै वडाका विद्यालयमा अध्ययनरत किशोरीहरुलाई लक्षित गरेर आत्मरक्षा तालिम सञ्चालन गरेको महिला तथा बालबालिका शाखा प्रमुख रीता कार्की रिजालले जानकारी दिइन् ।

तालिममा प्रत्येक वडाका ३५ जना किशोरीलाई तालिम प्रदान गरिने महिला तथा बालबालिका शाखाले जनाएको छ । तालिम सञ्चालन गर्ने क्रममा वडा नम्वर २, ३, ४ र ५ सम्पन्न भइसकेको र बाँकी वडामा क्रमश सञ्चालन गर्दै जाने प्रमुख कार्कीले बताइन् । तालिमा सहभागी किशोरीलाई सशस्त्र प्रहरी बल नेपाल पाथीभरा जवान तालिम शिक्षालयका खटिएका मीना कठेत लगायतको टिमले प्रशिक्षण गराइ रहेको छ ।



**रुद्राक्ष मालाको व्यापार** : धरान उपमहानगरपालिका-१४ स्थित पिण्डेस्वरी मन्दिर परिसरमा बेच्न राखिएका रुद्राक्षको माला । *तस्वीर : रासस*

# पूर्ण महाकुम्भ सकियो

**धरान, बैशाख २९।** सुनसरीको चतराधाममा एक महिनासम्म लागेको बाह्रबर्से पिण्डेश्वर पूर्ण महाकुम्भ मेला विधिवत रुपमा पूजा-अर्चना एवम् स्नान गरी समापन भएको छ ।

मेला गत चैत २७ गते शुरु भएको हो । मेलाका क्रममा ४० लाखभन्दा बढी भक्तजनले कुम्भस्नान तथा वराह भगवानको दर्शन गरेका मेला आयोजक समितिका उपाध्यक्ष किसन थापाले बताए । मेला आयोजना गर्न सङ्घीय सरकारले ७० लाख रुपैयाँ र प्रदेश सरकारले ५५ लाख रुपैयाँ प्रदान गरेको थियो । मेलाको समुद्घाटन राष्ट्रपति रामचन्द्र पौडेलले गरेका थिए ।

कुम्भस्नान गर्न जगत्गुरु बालसन्त मोहनशरण देवाचार्य, कोशी प्रदेश सभा सदस्य इस्रायल मन्सुरी, मुख्य सचिव बैकुण्ठ अर्याल, बागमती प्रदेशका सचिव हुमकला पाण्डे, सुनसरीका प्रमुख जिल्ला अधिकारी



जयनारायण आचार्य, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिव अर्जुन पोखरेल, बराह क्षेत्र नगरपालिकाका प्रमुख रमेश कार्की लगायत सप्तकोशी नदीमा पुगेका थिए ।

प्राचीन हरिद्वारका नामले समेत प्रसिद्ध चतराधाममा २०५९ सालेखि पूर्ण महाकुम्भ मेला आयोजना हुँदै आएको छ । चतराधाममा प्रत्येक छ वर्षमा अर्धकुम्भ र बाह्र वर्षमा पूर्णकुम्भ मेला लाग्ने गरेको छ ।

# नौमती बाजा तालिम समापन

**बिर्तामोड, बैशाख २९।** बिर्तामोड नगरपालिका-१० स्थित सैनिकबजारमा सञ्चालित सात दिने नौमती बाजा तालिमको समापन भएको छ ।

सैनिकबजार महिला नौमती बाजा संस्थाको आयोजना तथा बिर्तामोड-१० वडा कार्यालयको आर्थिक सहयोगमा आयोजित महिला नौमती बाजा तालिम समापन भएको हो । सैनिकबजार महिला नौमती बाजा संस्थाका अध्यक्ष खिलेश्वरी पाण्डेको अध्यक्षता तथा वडाध्यक्ष दूर्योधन गुरुङको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा नौमती बाजा बजाएर स्वागत गरेको थियो ।

संस्थाकी अध्यक्ष पाण्डेले लोप हुँदै गएको सांस्कृतिक तथा परम्परागत लोकबाजा नौमती बाजाको संरक्षण गर्ने जिम्मेवारी अब महिलाहरुमा आएको र यसमा तालिमले सहयोग पुऱ्याएको बताइन् ।

प्रमुख अतिथि वडाध्यक्ष गुरुङले तालिमबाट सिकेको सिप क्षमताको उपयोग गरेर नौमती बाजा वडाको सान र गौरवको पहिचानको रुपमा स्थापित हुन आग्रह गरे । प्रशिक्षार्थीका तर्फबाट लीलामाया श्रेष्ठले महिलाहरूलाई सिक्ने अवसर प्रदान गरेकोमा खुशी लागेको बताउँदै आगामी




दिनमा पनि तालिमको निरन्तरता दिइनुपर्ने प्रतिक्रिया दिइन् ।

बिर्तामोड-१० का स्थानीय महिलाद्वारा गत वर्षदेखि सञ्चालित नौमती बाजा संस्था हालै दर्ता भएको हो । स्थानीय १५ जना महिलाको सहभागिता रहेको तालिमका प्रशिक्षक विनोद दर्जीले सहजीकरण गरेका थिए ।

कार्यक्रममा प्रशिक्षक विनोद दर्जीलाई सम्मानपत्रसहित सम्मान गरिनुको साथै सहभागीलाई प्रमाणपत्र प्रदान गरिएको थियो ।

वडा सदस्य धनमाया श्रेष्ठ, सल्लाहकार समिति संयोजक मनु मुखिया, शिवालय बजार व्यवस्थापन समितिका अध्यक्ष केदार श्रेष्ठ, प्रशिक्षक दर्जी लगायतले शुभकामना मन्तव्य राखेको कार्यक्रममा सल्लाहकार सदस्य सन्तोष बेघा, मेनुका शिवाकोटी लगायतको आतिथ्य रहेको थियो । कार्यक्रमको सञ्चालन सचिव संगीता भण्डारीले गरेकी थिइन् ।

# नवागन्तुक विद्यार्थीलाई स्वागत

**अर्जुनधारा, बैशाख २९।** अर्जुनधारा-४ स्थित सूर्यज्योति अङ्ग्रेजी आवासीय माध्यमिक विद्यालयले नव आगन्तुक विद्यार्थीलाई स्वागत गरेको छ ।

विद्यालय अन्तर्गत रहेको सूर्यज्योति इको क्लवको आयोजनामा आयोजित स्वागत कार्यक्रम-२०८१ मार्फत् उनीहरुलाई स्वागत गरिएको हो । विद्यालयको प्राङ्गणमा क्लबका अध्यक्ष विराज हुमागाईंको अध्यक्षतामा आयोजित उक्त कार्यक्रमको प्रमुख अतिथि नव युवा क्लवका अध्यक्ष देवेन्द्र मैनालीले उद्घाटन गरेका थिए ।

नव आगन्तुक विद्यार्थीहरुको स्वागतमा रायम्स, गीत, नृत्य, कविता, नाटक मञ्चन तथा कक्षा-१, २ र ३ का विद्यार्थीहरुले सांस्कृतिक पोशाकको प्रदर्शनी गरेका थिए । कार्यक्रममा अक्षय तृतीयाको अवसरमा सहभागीहरुलाई सर्वत पानी पनि वितरण गरिएको प्रधानाध्यापक गणेश बुढाथोकीले जानकारी दिए ।

क्लवकी सदस्य अनुपा बस्नेतले कार्यक्रमको औचित्य माथि प्रकाश पारेको कार्यक्रममा स्वागत अर्का सदस्य स्वीकृति भट्टराईले गरेकी थिइन् । उक्त कार्यक्रमको सञ्चालन क्लवका सदस्यद्वय अंकिता बस्नेत र क्षितिज गौतमले संयुक्त रुपमा गरेका थिए ।

# धरानमा बन्यो कृषि तथा खाद्य प्रविधि अनुसन्धान केन्द्र




**धरान, बैशाख २९।** नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान (नास्ट)ले यहाँ कोशी प्रदेश स्तरीय कृषि तथा खाद्य प्रविधि विशिष्टीकृत अनुसन्धान केन्द्र स्थापना गरेको छ ।

धरान उपमहानगरपालिका-१६ मा बनेको केन्द्रको धरान उपमहानगरपालिकाका प्रमुख हर्कराज राई, नाष्टका उपकुलपति डा. दिलीप सुब्बा र सचिव डा. रवीन्द्रप्रसाद ढकालले उद्घाटन गरेका थिए ।

त्यस अवसरमा उपकुलपति सुब्बाले प्रविधिको प्रयोगबाट कृषि उत्पादन बढाउन सकिने बताउँदै त्यस निम्ति केन्द्र मार्फत किसानलाई सघाउन आफू प्रतिबद्ध रहेको बताए ।

नगर प्रमुख राईले धरानको विकास आफ्नो एकमात्र लक्ष्य हो भन्दै केन्द्र स्थापनाका निम्ति उपमहानगरपालिकाले पूर्वाधार खडा गरेको जानकारी दिए ।

साथै उनले धरान आवासका निम्ति उपयुक्त सहर भएकाले त्यसै अनुसार खानेपानी योजना सञ्चालन तथा फोहरमैला व्यवस्थापन गर्नुपर्नेमा जोड दिए । नास्टका सचिव ढकालले केन्द्रमा विशेष गरी कृषि र खाद्य प्रविधिसँग सम्बन्धित विषयमा अध्ययन अनुसन्धान हुने बताए ।

यस्ता कार्यक्रममा किसानलाई कृषि क्षेत्रमा लाग्न प्रेरित गर्ने बताइएको छ । किसानका उत्पादनलाई प्रशोधन गर्दै बजारीकरण गर्ने उद्देश्यले नास्टले प्रदेशस्तरीय कार्यक्रमको आयोजना जनाइएको छ । पूर्वी पहाडी जिल्लामा उत्पादिन कृषिजन्य वस्तुलाई बजारीकरण यो कार्यक्रम उपयुक्त हुने जनाइएको छ ।

# पातञ्जलको एक महिने योग प्रशिक्षण




**अर्जुनधारा, बैशाख २९।** 'सर्वाङ्गिण विकासको लागि योग' भन्ने मुख्य नारासहित पातञ्जल योग समिति अर्जुनधाराको आयोजनामा आयोजित एक महिने योग प्रशिक्षण तालिम सम्पन्न भएको छ ।

अर्जुनधारा-७ स्थित अर्जुनधारा जलेश्वरधामको श्रवण हलमा सञ्चालन भएको तालिममा ७० जनाको सहभागिता रहेको आयोजक समितिकी उपाध्यक्ष चन्दा ढुङ्गेलले जानकारी दिइन् । समितिका अध्यक्ष सुरेन्द्र साहको अध्यक्षता र अर्जुनधारा-८ का वडाध्यक्ष कुमारप्रसाद उप्रेतीको प्रमुख आतिथ्यमा आयोजित तालिम समापन कार्यक्रममा सहभागीहरुलाई प्रमाण-पत्र वितरण गरिएको थियो ।

कार्यक्रममा सहभागीहरु मध्ये ज्येष्ठ किशोरकुमार तामाङ, खगेन्द्र बराल, पूण्यदेवी तिम्सिना र लावण्य भण्डारीलाई सम्मानित गरिएको थियो । सहभागीद्वय कुमारी खरेल शिवाकोटी र खगेन्द्र साहले तालिमको अनुभव प्रस्तुत गरेको कार्यक्रममा शनिश्चरे आयुर्वेद औषधालयका प्रमुख वरिष्ठ कविराज अनिल ठाकुर, प्रशिक्षकद्वय पातञ्जल योग समिति नेपालका केन्द्रीय उपाध्यक्ष केशव ताम्राकार र झापाका अध्यक्ष श्याम ल्वागुन, अर्जुनधारा जलेश्वर धामका मूलअर्चक अग्निप्रसाद सिग्देल लगायतले मन्तव्य राखेका थिए ।

तालिम अन्तर्गत सहभागीहरुले सुनसरीको बराहक्षेत्रमा हालै सम्पन्न भएको १२ वर्षे पिण्डेश्वर महाकुम्भ मेलामा पनि योग प्रशिक्षण गरेको बताइएको छ । आयोजक समितिको उक्त कार्यक्रमलाई सफल बनाउन अर्जुनधारा-७ नं. वडा कार्यालयले नगद ३० हजार र अर्जुनधारा-८ नं. वडा कार्यालयले ४० सेट पोशाक वितरण गरेको उपाध्यक्ष ढुङ्गेलले जानकारी दिइन् । उपाध्यक्ष ढुङ्गेलले स्वागत गरेको कार्यक्रमको सञ्चालन छविलाल शिवाकोटीले गरेका थिए ।

# २२३९ जनाको व्यक्तिगत घटना दर्ता

**झापा, बैशाख २९।** झापा गाउँपालिकामा २०८० बैशाख १ गतेदेखि २०८० चैत्र १ गतेसम्म दुई हजार दुई सय ३९ जनाले व्यक्तिगत घटना दर्ता गरेको गाउँपालिकाले जनाएको छ ।

गाउँपालिका प्रमुख प्रसाशकीय अधिकृत गजेन्द्र थपलियाका अनुसार यो बर्षमा सम्बन्धविच्छेद गर्नेको संख्या अघिल्लो बर्षको तुलनामा बढेको छ । उनका अनुसार अदालतबाट सम्बन्धबिच्छेद गरी विभिन्नि वडाबाट सम्बन्धविच्छेदको प्रमाणपत्र लिनेको संख्या २७ पुगेको हो ।

त्यसैगरी एक वर्षमा चार सय ४१ जोडीले विवाह दर्ता प्रमाणपत्र लिएका छन् भने एक सय ४२ पुरुष र एक सय ४२ महिला गरी दुई सय ८४ जनाको मृत्यु दर्ता भएको प्रमुख प्रशासकीय अधिकृत थपलियाले जानकारी दिए ।

त्यस्तै सोही अवधिमा छ सय १९ पुरुष र छ सय ३८ महिला गरी एक हजार दुई सय ५७ जनाको जन्म दर्ताभएको छ । सोही अवधिमा एक सय एक परिवारका तीन सय २७ जना अन्यत्रबाट बसाइँसराइ गरी झापा गाउँपालिका आएका छन् भने एक सय २८ परिवारका चार सय २८ जनाले झापा गाउँपालिकाबाट अन्यत्र गएको प्रमुख प्रसाशकीय अधिकृत थपलियाले जानकारी दिए ।

**बराल ट्याक्सी सर्भिस**

दमक-बिर्तामोड-जितपुर-मंगलबारे
दैनिक सेवा
रिजर्वको लागि पनि हामीलाई सम्झनुहोस्

| छुट्ने समय | | सम्पर्क (चालक) | |
|---|---|---|---|
| | | सन्तोष | जीवन कार्की |
| दमकबाट : | बिहान ६ बजे | ९८०६०१८१७४ | ९८१६९४०१७३ |
| बिर्तामोडबाट : | बिहान ७ बजे | ९८४०३८७६७५ | मे १ ज १६७० |
| मंगलबारेबाट : | दिउसो १२ बजे | | |

**कमल गाउँपालिका**
गाउँ कार्यपालिकाको कार्यालय
तोपगाछी झापा कोशी प्रदेश, नेपाल

**सँधियारका नाममा जारी भएको सूचना**

*सूचना प्रकाशित मिति : २०८१/०१/३०*

***श्री गंगादेवी रेग्मी*** *(उत्तरतर्फको सँधियार)*

साविक तोपगाछी-५ हाल कमल गाउँपालिका वडा नं. ३ बस्ने **श्री डिल्लीराम गुरागाई**ले २०८१/०१/०४ गते निजका नाममा दर्ता कायम रहेको जग्गामा भवन निर्माण, नक्सा पास तथा निर्माण कार्यको अनुमति पाउँ भनि निवेदन तथा घरनक्सा पेश गर्नुभएकोमा तपाई सँधियारको सर्जमिनमा उपस्थिति नरहेकोले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ३१ को उपदफा (क) को प्रयोजनार्थ यो सूचना प्रकाशित गरिएको छ । भवन निर्माणबाट सँधियारलाई मर्का पर्ने भए आफूलाई मर्का परेको विवरण खुलाई कुनै हकदाबी भए यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र आफ्नो प्रमाणसहित यस कार्यपालिकामा निवेदन पेश गर्नुहोला । म्यादभित्र कुनै दाबी विरोध नभए कानून बमोजिम भइ जाने व्यहोरा समेत सूचित गरिन्छ ।

निम्न

| निवेदक/ठेगाना | कित्ता नं. | क्षेत्रफल | पूर्वको सँधियार | पश्चिमको सँधियार | उत्तरको सँधियार | दक्षिणको सँधियार | सर्जमिन मिति |
|---|---|---|---|---|---|---|---|
| डिल्लीराम गुरागाई कम वडा नं. ३ | १० | १-०-२ | - | - | गंगादेवी रेग्मी | | २०८१/०१/२३ |

**हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार**

पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार ।

**जाँच तथा उपचार हुने समस्याहरु**
- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ ।
- प्लाराइसीस भएका तथा हिंड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ ।

**स्पार्क पूर्वाञ्चल अस्पताल,** कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५३०१२३, ९८०३१५४६१९)

**ताप्लेजुङ -पाथीभरा सफल यात्रा**

बिर्तामोडबाट फिदिम, ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बु, मेमेङसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस् ।



**ताप्लेजुङ पाथीभरा काउन्टर**
मो. ९८०३२५०४७२
९८०१३६४०९३

उच्च गुणस्तर सुलभ मूल्य
**सयपत्री बालुवा प्रशोधन उद्योग**

यहाँ आधुनिक प्रविधिद्वारा प्रशोधित बालुवा, गिटी आदि निर्माणजन्य सामग्री सुपथ मूल्यमा पाइनुका साथै तुरुन्त डेलिभरी समेत गरिन्छ ।

**सम्पर्क :**
९८०४९५४४००
९८६६२४२४६६
अर्जुनधारा नगरपालिका- ४, झापा

**सेफ्टी ट्यांकी चाहिएमा**


अब झापामा सेफ्टी ट्यांकी सफा गर्नु परेमा **राम्रो सेफ्टी ट्यांकी**लाई सम्पर्क गर्नुहोस् । *सस्तो, भरपर्दो, छिटो र छरितो सेवा उपलब्ध छ ।*





सम्पर्क :

| देवराज गिरी | विशाल हरिजन |
|---|---|
| ९७०६१९६४०६ | ९८१४९१७७११ |
| ९८४२०७०५८६ | ९८४२७३३६१२ |



ज्यो. पं. खेमप्रसाद पौडेल
फोन सम्पर्क ९८५११५४६९९

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -** बोल्दा विचार पुऱ्याउनुहोला, नयाँ वश्त्र प्राप्त हुनेछ, पराक्रममा वृद्धि होला, आफन्तजनको सहयोग प्राप्ति होला ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -** बुद्धिको उपयोगले विद्या तथा धन आर्जन गर्ने समय रहेको छ, तपाईको विचारले धेरैलाई प्रभावित बनाउनेछ ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -** समय त्यति अनुकूल देखिएन, बोल्दा विचार पुऱ्याउनु पर्छ, खानपानमा ध्यान दिनुहोला । विचार पुऱ्याएर मात्र खर्च गर्नुहोला खर्चिलो योग रहेको छ ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -** स्वास्थ्य प्रतिकुल बन्नेछ, मन अशान्त रहने छ, छोटो दूरीको कष्टकर यात्रा हुने सम्भावना रहेको छ ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -** क्रोधलाई नियन्त्रणमा राख्नुहोला, बोलिको प्रभावले बन्नै लागेको काम पनि बिग्रन सक्छ, इष्टमित्रले साथ दिनेछन् ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -** रचनात्मक काम शुरू गर्ने समय आएको छ, पहिले गरिएको कामको हौसलाले धप ऊर्जा मिल्नेछ, स्वास्थ्यले राम्रो साथ दिने समय रहेको छ ।

**तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते) -** धार्मिक तिर्थयात्रा हुनेछ, यो समयमा साथीभाइको पूर्ण सहयोग पाइने छ, पराक्रममा वृद्धि हुनेछ, शत्रुमाथि विजय प्राप्तिको योग छ ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -** मनमा खटपटी पैदा हुने समय रहेको छ, कार्यसिद्धीमा बाधा अड्चन आउने छ, घाटाको सामना गर्नुपर्ला, स्वास्थ्यमा विचार पुऱ्याउनुहोला ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -** आजको दिन त्यति अनुकूल रहेको छैन, अनावश्यक यात्रा तथा खर्च हुन सक्छ, स्वास्थ्यको विशेष ध्यान दिनुहोला ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -** समय अत्यन्तै बलवान छ, मान-सम्मानमा वृद्धि हुनेछ, व्यापार-व्यावसायमा सन्तोषजनक नतिजा प्राप्त हुनेछ ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -** स्वास्थ्यमा ध्यान दिनुहोला, सहयोगीहरूले साथ दिनेछन्, लामो समयदेखि रोकिएर रहेका काम सुचारू हुनेछ ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -** सन्तान पक्षबाट सखद् खबर सुनिनेछ, नचिताएको ठाउँमा यात्रा हुन सक्नेछ, प्रेम सम्बन्ध कसिलो बनेर जानेछ ।